राजस्व सुधार योजना

(२०८०–८१ देखि २०८४–८५)

साँगुरी गाउंपालिका

गाउंकार्यपालिकाको कार्यालय

भेडेटार, धनकुटा

प्रतिवेदन पेस गर्ने :

समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा. लि., ललितपुर

E-mail: samika.rtc2076@gmail.com

दस्तावेजको नाम	साँगुरीगढी गाउंपालिकाको राजस्व सुधार कार्ययोजना
साल	२०८०
परामर्शदाता	समिका रिसर्च एण्ड ट्रेनिङ सेन्टर प्रा.लि., सानेपा, ललितपुर

विषयसुची

परिच्छेद १ परिचय	७
१.१ पृष्ठभूमि	७
१.२ स्थानीय करको अवधारणा	८
१.३ राजस्व सुधार कार्ययोजनाको औचित्य	९
१.४ राजस्व सुधार योजनाका उद्देश्यहरु	९
१.५ योजना तर्जुमा विधि र प्रकृया	१०
१.६ योजनाका सीमाहरु	११
परिच्छेदः दुई	१२
गाउंपालिकाको विद्यमान अवस्था	१२
२.१ गाउंपालिकाको संक्षिप्त परिचय	१२
२.२ गाउंपालिकाको मानव संशाधनको अवस्था	१३
२.३ गाउंपालिकाको व्यवस्थापन सम्बन्धी अवस्था	१५
२.४ बजेट तथा खर्चको प्रवृति	१७
२. ५ आन्तरिक राजस्वको विद्यमान अवस्था	१८
२.६ संकलन नभएका कर र गैरकरहरू	२०
परिच्छेद तीन	२१
स्थानीय तहको राजस्वको अधिकार र आय संभावयता	२१
३.१ संविधानिक तथा कानुनी व्यवस्था	२१
३.१.१ नेपालको संविधान २०७२	२१
३.२ एकल अधिकार क्षेत्र	२३
३.३ संघिय ऐनका व्यवस्थाहरु	२४
३.३.१ स्थानीय शासन सञ्चालन ऐन	२४
३.३.२ अन्तर सरकारी वित्त व्यबस्थापन ऐनका व्यवस्था	२५
३.३. ३ राजस्व परामर्श समिति	२६
३.४ आन्तरिक राजस्वको संकलनका प्रमुख श्रोतहरु	२६
३.५ करमा छुट तथा सुविधाहरु	२७
३.६ सम्पत्ति कर सम्बन्धी व्यवस्था	२७
३.६.१ सम्पत्ति कर सम्बन्धी व्यवस्था	२८
३.६.२ सम्पत्ति मूल्याङ्कन प्रकृया	२९
३. ७ गाउंपालिकाको राजस्व नीति	२९

३.८ सम्पत्ति कर प्रकृया	३३
३.९ गाउंपालिकाको घरको मूल्याङ्कन प्रकृया	३७
३.१० जग्गाको मूल्याङ्कन	३९
३.११ सम्पत्ति करका सवाल	४०
३.१२ भूमि कर	४१
३.१३ व्यवसाय कर	४३
३.१४ व्यवसायिक करको संभावना	४५
३.१४.१ व्यवसायको दर्ता अवस्था	४५
३.१५ घर बहाल करको व्यवस्था	४९
३.१६ जडिबुटि, कवाडी र जिवजन्तु कर	५१
३.१७ विज्ञापन कर	५२
३.१८ वहाल विटौरी कर	५३
३.१९ सवारी साधन कर	५३
परिच्छेदः चार	५५
गैर कर सम्बन्धी व्यवस्था र सवालहरू	५५
४.१ संघिय कानूनका व्यवस्था	५५
४.२ गैर कर राजस्व क्षेत्रहरू	५६
४.३ प्राकृतिक क्षेत्रको उत्पादन	५७
४.४ वनजन्य वस्तुहरूको प्रयोग र संचालन	५८
४. ६ टेकिङ्गकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफ्टीङ्ग शुल्क	६०
परिच्छेदः पाँच	६३
राजस्व योजना	६३
५.१ गांउपालिकाको राजस्व सुधार कार्ययोजना	६३
५.२ निष्कर्ष र सुझावहरु	६५
परिच्छेदः छ	६८
आगामी वर्षको राजस्व अनुमान	६८
६.१ गांउपालिकाको आगामी पाँच वर्षको राजस्व अनुमान	६८
६.२ राजस्व योजनाको आधारमा तीग वर्षको राजस्व अनुमान	६८

तालिका सुची

तालिका १ जनसंख्याको विवरण तालिका १३
तालिका २ प्रशासनिक कार्यविभाजन १३
तालिका ३ आन्तरिक राजस्वको विद्यमान अवस्था १८
तालिका ४ संकलन नभएका कर र गैरकरहरू २०
तालिका ५ करका तहगत अधिकार क्षेत्र २२
तालिका ६ स्थानीय तहको कर सम्बन्धी अधिकार र कर्तब्य २४
तालिका ७ प्रदेश र स्थानीय तहको करको बाँडफाँड २५
तालिका ८ सम्पत्ति करको दर ३३
तालिका ९ गाउपालिकाको क्षेत्रफल ३६
तालिका १० गाउंपालिमा घरको प्रकृति ३६
तालिका ११ भवनको मूल्याङ्कन सम्बन्धी व्यवस्था ३७
तालिका १२ गाउपालिकाको घरको मूल्याङ्कन ३८
तालिका १३ जग्गाको मूल्याङ्कन ३९
तालिका १४ सम्पत्ति करको दर ४०
तालिका १५ भूमि कर ४२
तालिका १६ व्यवसाय कर संकलन ४३
तालिका १७ व्यवसायको दर्ता सिफारिस शुल्क ४५
तालिका १८ व्यवसायको आयको संभायता ४८
तालिका १९ जडिबुटि, कवाडी र जिवजन्तु कर ५१
तालिका २० विज्ञापन कर ५२
तालिका २१ वहाल विटौरी कर ५३
तालिका २२ सवारी साधन कर ५४
तालिका २३ गैर कर क्षेत्रहरू ५६
तालिका २४ पार्किङ्ग सरसफाई तथा पुर्वाधार सेवा शुल्क ६०
तालिका २५ स्थानीय सडक पूर्वाधार प्रयोग सेवा शुल्क ६१
तालिका २६ गांउपालिकाको राजस्व सुधार कार्ययोजना ६३
तालिका २७ गाउंपालिकाको करको संभाव्यता ६८
तालिका २९ गाउंपालिकाको राजस्वको संभाव्यता ६९

आकृतिको सुची

आकृति १ गाउपालिकाको संगठनात्मक संरचना १५

आकृति २ स्थानीय शासन स्वमूल्याङ्कन १६

आकृति ३ बजेट र खर्चको प्रवृति १७

आकृति ४ गाउंपालिमा घरको प्रकृति ३७

आकृति ६ वडा अनुसार दर्ता विवरण ४६

तालिका ७ रोजगारी दिने व्यवसायको संख्या ४७

आकृति ८ व्यवसायको संख्या ४८

तालिका ९ घर बहालको अवस्था ५०

परिच्छेद १ परिचय

१.१ पृष्ठभूमि

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ का दफा २८ मा अनुदानको रकम जुन प्रयोजनका लागि प्राप्त भएको हो सोहि प्रयोजनका लागि प्रयोग गर्नुपर्ने र प्राथमिकता र आवश्यकतालाई मध्यनजर गर्दै प्रदेश र स्थानीय तहले आ आफनो वार्षिक बजेट र कार्यक्रम तर्जुमा गरेर कार्यान्वयन गर्नुपर्ने देखिन्छ । साथै अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ का अनुसार प्रदेश र स्थानीय तहले आफूले उठाएको राजस्व र राजस्व बांडफांडबाट प्राप्त हुने रकमबाट प्रशासनिक खर्च, अनुगमन तथा मूल्याङ्कन खर्च भ्रमण खर्च, विशिष्ट व्यक्ति तथा प्रनिधिमण्डलको अध्ययन तथा भ्रमण, विविध खर्च सभा संचालन खर्च जस्ता खर्चहरु सोहि श्रोतबाट खर्चको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।

कर संकलनका खासगरी यी उद्देश्य सरकार संचालन लागि आम्दानी गर्ने सामाजिक तथा आर्थिक न्याय स्थापना गर्ने र समष्ट्रिगत आर्थिक स्थायित्व कायम गर्ने लगायतका उद्देश्यहरु रहेका हुन्छन् । उपरोक्त उद्देश्यहरुलाई ध्यान दिई कर लगाउनु उपयुक्त हुन्छ । राजस्व संकलन गर्ने उद्देश्य भएपनि नकारात्मक सूचिमा रहेका वस्तुहरु, स्वास्थ्यलाई हानी गर्ने, समाजलाई नकारात्मक असर गर्ने वस्तुहरुमा समेत उच्च दरको कर लगाई निरुत्साहित गर्ने व्यवस्था उपयुक्त हुने देखिन्छ । प्राकृतिक क्षय गर्ने वा वातावरणलाई असर गर्ने क्षेत्रहरुमा उच्च दरको कर लगाई सामाजिक न्यायको समेत स्थापना गर्नुपर्दछ । उच्च दरको कर लगाई निरुत्साहित गर्नु उपयुक्त मानिन्छ । उत्पादनमा मात्र नभई यी वस्तुहरुको प्रयोग हुने क्षेत्रमा समेत उच्च दरको कर लगाउनु सामाजिक न्यायको दृष्टिकोणले उपयुक्त हुन्छ । जस्तै मदिराको कारण सामाजिक अपराध उच्च हुने भएकोले मदिराको प्रयोग हुने क्षेत्रहरु जस्तै होटेल तथा रेष्टुरेण्टमा समेत मदिरा प्रयोग

नगर्ने होटेलहरुमा भन्दा बढि कर लगाउनु मनासिब हुन्छ । मदिराको बिक्रीवितरणमा उच्च कर साथै मदिराको बढि खपत गर्ने पार्टि प्यालेशहरुमा समेत अन्यको तुलनामा बढि कर लगाउनु उपयुक्त देखिन्छ ।

आर्थिक न्यायको दृष्टिकोणले प्राथमिकता दिनुपर्ने क्षेत्रहरु जस्तै कृषि क्षेत्र, स्वास्थ्य, शिक्षाका तथा सोलाई प्रवद्र्धन गर्ने क्षेत्रहरुलाई समेत प्रोत्साहन गर्ने, स्वास्थ्य सम्बन्धी संस्थाहरु जस्तै प्रयोगशाला तथा रोजगारी सिर्जना गर्ने क्षेत्रहरुलाई समेत प्रोत्साहन गरी कर लगाउनु उपयुक्त देखिन्छ । आधारभूत आवश्यकताका क्षेत्रहरुमा कम कर लगाई प्रोत्साहन गर्नुपर्ने, विलाशिताका क्षेत्रहरुमा बढि कर लगाई निरुत्साहित गर्नु उपयुक्त देखिन्छ ।

१.२ स्थानीय करको अवधारणा

स्थानीय तहको खर्चको आवश्यकता र आकांक्षा समेत उच्च हुदै गैरहेको तथा विकेन्द्रिकरणको सिद्धान्त अनुसार स्थानीय तहले सर्वसाधारणका सेवामा प्रत्यक्ष रुपमा संलग्न हुनु पर्ने आवश्यकता बढ्दै गएको छ । सो सेवाका लागि स्थानीय सरकारको बजेटको आकार बढाउनुपर्ने भएको,अन्य श्रोतबाट कर आय संकलन भएमा, सम्पत्तिको मूल्याङ्कनको दरमा परिवर्तन गर्नुपर्ने आवश्यकता र कर लगाउने दर तय हुंदा वार्षिक बजेट मार्फत खर्चको आवश्यकतामा समेत अनुमान गरी विभिन्न श्रोतहरुबाट करको संकलन गर्न सकिन्छ । साथै वार्षिक बजेट मार्फत कुनै करको दर परिवर्तन गर्ने, कर लगाउने तरिकामा परिवर्तन गर्ने र करको दरमा परिवर्तन गर्न सकिन्छ । अन्तराष्ट्रिय अभ्यास हेर्दा स्थानीय तहले लिने प्रकृतिमा खासगरी अन्य स्थानमा करको कारण बढि असर नगर्ने श्रोतहरु स्थायी प्रकृतिका श्रोतहरुमा कर लिने प्रचलन रहेको छ । चलाएमान हुने श्रोतहरुमा केन्द्रिय सरकार वा प्रदेश सरकारले कर लिने व्यवस्था रहेको छ । शहरीकरण बढ्दै गएको स्थानमा स्थानीय कर बढि संकलन हुने गरेको छ । शहरीकरणले गर्दा ठूला ठूला घर बन्ने भएकोले स्थानीयकरको सबैभन्दा दिगो श्रोत घर जग्गा करको श्रोत हुन्छ । उद्योग तथा व्यापार समेत उच्च भएको कारण व्यवसाय करको समेत श्रोत हुने गर्दछ ।

स्थानीय कर साधारणत benefit principle को आधारमा लगाईन्छ । सोहिकारण करको आधार, दर र समय तोकिंदा त्यस क्षेत्रको आयको श्रोत, आय हुने संभावना र भुक्तानी गर्ने समय फरक फरक हुन सक्दछ । नेपालको संविधानले स्थानीय तहलाई चलाएमान श्रोत र चलाएमान नहुने दुवै श्रोतमा कर लगाउन सक्ने अधिकार दिएको छ । खासगरी घरजग्गामा चलाएमान श्रोत नभएको कारण एक स्थानीयतहका करको कारण अन्य स्थानीयतहमा धेरै असर नहुने हुन सक्दछ तर अन्य श्रोतहरुमा कर लगाउंदा अन्य स्थानीय क्षेत्रको कर प्रणालीको आफ्नो क्षेत्रमा समेत प्रत्यक्ष प्रभाव रहने भएकोले करको आधार, दर, तरिका र समयको कारण प्रत्यक्ष प्रभाव पर्न सक्ने देखिन्छ ।

१.३ राजस्व सुधार कार्ययोजनाको औचित्य

संविधान सभाले वि.स. २०७२ मा नेपालमा संघिय संविधान जारी गरेपछि स्थानीय निकायहरु स्वायत्त र अधिकार सम्पन्न भएका छन् । स्थानीय तहले तोकिएका क्षेत्रमा नीति निर्माण, कर आधार र करको निर्धारणमा संविधानिक समेत अधिकार सम्पन्न भएका छन् । सेवा प्रवाह र श्रोतको परिचालनमा समेत स्थानीय तहको अपनत्प हुने भएकोले खर्चको आवश्यकता र संभावयताको आधारमा करको निर्धारण गर्न सकिने देखिन्छ । खर्चमा स्थानीयहरु त्हहरुको प्रत्यक्ष रुपमा स्वयं प्राथमिकताका आधारमा हुने भएकोले श्रोतको परिचालन स्वतस्फूर्त हुन्छ । नगरपालिका र गाउंपालिकाको आन्तरिक श्रोतको अनुपात अभिवृद्धि गर्ने र आन्तरिक श्रोतलाई भरपर्दो श्रोतमा विकसित गर्न, करका व्यवस्थामा सामाञ्यस्यता बनाउने, न्यायिक र अनुमानित बनाउने तथा सरकारवालाहरुको सहभागिता अभिवृद्धि गर्न राजस्व सुधार कार्ययोजनाले मार्गनिर्देशन गर्ने अपेक्षा गरिएको छ ।

१.४ राजस्व सुधार योजनाका उद्देश्यहरु

साँगुरीगढी गाउंपालिकाको आन्तरिक राजस्व सम्बन्धी व्यवस्थाको पुनरावलोकन समष्टिगत विश्लेषण गर्नु यसको मूख्य उद्देश्य रहेको छ । यस योजनाका खासगरी देहाय बमोजिम विशेष उद्देश्यहरु रहेका छन् ।

१. गाउंपालिकाको विद्यमान कर प्रणाली कर नीति, प्रकृया तथा करको दरको विश्लेषण गर्ने ।

२. कर सम्बन्धी व्यवस्थालाई वस्तुगत बनाउन तथा आन्तरिक आयका श्रोतहरुको पहिचान तथा विश्लेषण गर्ने ।

३. गाउंपालिकाको आन्तरिक श्रोतको विकास गर्न तथा राजस्व सम्बन्धी नीतिको दिर्घकालिन आधार तयार गर्न आवश्यक विश्लेषण गर्ने

४. करमा स्वच्छिक सहभागिता वृद्धि गर्न तथा खर्चको श्रोतको पहिचान गर्न गरिनुपर्ने नीतिगत, प्रकृयागत क्षेत्रमा आवश्यक विश्लेषण र राय सुझाव दिने ।

१.५ योजना तर्जुमा विधि र प्रकृया

राजस्व सुधार योजना तयार गर्दा खासगरी देहायको विधि अपनाईएको छ ।

१. विकेन्दिकरणको सिद्धान्त, स्थानीय करका सिद्धान्त, अन्य मुलुक संघिय र अन्य मुलुकहरुको अभ्यासको पूर्व अध्ययन गरिएको छ ।

२. स्थानीय करको विज्ञ व्यक्तिहरुसंग राय सुझाव लिईएको छ ।

३. नेपालको कानूनी नेपालको संविधान २०७२, नेपाल सरकारको अन्तर वित्तिय व्यवस्थापन ऐन, स्थानीय सरकार संचालन ऐन, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त व्यवस्थापन ऐन, सामान्य प्रशासन तथा संघिय मामिला मन्त्रालयबाट जारी भएका निर्देशन, निर्देशिका, कार्यविधि, सर्कुलरहरुको अध्ययन गरिएको छ ।

४. राष्ट्रिय तथा अन्तराष्ट्रिय प्रकाशनहरुबाट तथ्याङ्कहरुको विश्लेषण गरिएको छ ।

५. गाउंपालिकाका पदाधिकारी, सरोकारावाला, कर्मचारीसंग अन्तरक्रिया तथा अन्तरवार्ता गरिएको छ

६. स्थानीय निकायमा स्वयं उपस्थित स्थलगत अवलोकन गरिएको छ ।

१.६ योजनाका सीमाहरु

यस अध्ययनका खासगरी देहाय बमोजिमका सीमाहरु रहेका छन् ।

१. स्थानीय तहले दायरा, करको दर र संकलन तिनवटै अधिकार प्रयोग गर्न पाउने अधिकारको सम्बन्धमा विश्लेषण केन्द्रित गरिएको छ ।

२. केहि तथ्याङ्कहरु केन्द्रिय तह र केहि स्थानीय तहका आंकडाको आधारमा विश्लेषण गरिएको छ । जसको कारण केहि सामञ्जयस्ता नदेखिन सक्दछ ।

३. राजस्वको अनुमान गर्दा विगत ३ वर्षको आंकडाको आधारमा गरिएको छ । संघियता कार्यान्वयनको प्रभावकारिता नहुंदाको समयमा गरिएका आंकडामा गरिएको अनुमानमा केहि कम अनुमान हुन सक्दछ ।

परिच्छेदः दुई

गाउंपालिकाको विद्यमान अवस्था

२.१ गाउंपालिकाको संक्षिप्त परिचय

साँगुरीगढी कोशी प्रदेशको धनकुटा जिल्ला अवस्थित गाउंपालिका हो । यो गाउंपालिका साविकका बुढीमोरङ, खुवाफोक, फाक्सिव, डांडाबजार, भेडेटार, महाभारत र आहाले गाउं विकास समिति समावेश गरी गाउंपालिकाको घोषणा गरिएको हो । यस गाउंपालिकाको कुल क्षेत्रफल १६६.४४ वर्ग किलोमिटर रहेको छ । गांउपालिका १० वडामा विभाजन गरिएको छ । २०६८ सालमा २१५२६ जनसंख्या भएको साँगुरीगढीमा जनसंख्या घटेर २०७८ जनगणनामा १९५६१ जनसंख्या भएको छ । कुल जनसंख्यामा ५१ प्रतिशत अर्थात ९९७० महिला र ४९ प्रतिशत पुरुष अर्थात ९५९१ रहेका छन् । गाउंपालिकाको परिवार संख्या २०६८ सालमा ५०४७ रहेकोमा २०७८ मा ५००५ मात्र रहेको देखिन्छ । परिवारको औषत संख्या ३.९१ रहेको छ । यस गाउंपालिकाको जनघनत्व ११८ वर्गमिटर रहेको छ । गाउंपालिकाको साक्षरता दर ८०.८ प्रतिशत रहेको छ । जसमा पुरुषको ८६.५६ र महिलाको साक्षरता दर ७५.३२ प्रतिशत रहेको छ ।

तालिका १ जनसंख्याको विवरण तालिका

विवरण	२०६८	२०७८	फरक
जम्मा जनसंख्या	२१५३६	१९५६१	(१९७५)
पुरुष	१००८९	९५९१	(४९८)
महिला	११४४७	९९७०	(१४५७)
घरधुरी संख्या	५०४७	५००५	(४२)

गाउंपालिकामा खाना पकाउन इन्धनको रुपमा ८०.५ प्रतिशतले दाउराको प्रयोग गर्ने, १८.८ प्रतिशतले ग्यास प्रयोग गर्दछन् । बत्ती बाल्न ९६.७ प्रतिशतले विद्युत, २ प्रतिशतले सोलार, १.०८ प्रतिशतले मट्टीतेल प्रयोग गर्दछन् । जम्मा परिवार मध्ये ९५.५ प्रतिशत व्यक्ति आफ्नै घरमा बसोबास गर्ने र ३.२ प्रतिशत भाडामा बस्ने गरेका छन् । ०.५ प्रतिशत घर संस्थागत रहेको देखिएको छ ।

२.२ गाउंपालिकाको मानव संशाधनको अवस्था

गाउंपालिकामा प्रमुख कार्यकारी अधिकृत समेत ९ जना र सहायकस्तरका ४५ जना समेत जम्मा ५२ जना कर्मचारी कार्यरत रहेको देखिन्छ । यस मध्ये प्रशासन, अनुगमन र योजना शाखा, पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा, सामाजिक तथा आर्थिक विकास शाखा, र शिक्षा, युवा तथा खेलकुंद शाखाको रुपमा रहेको छ । राजस्व इकाई प्रशासन योजना, अनुगमन शाखा अन्तरगत रहेको छ । उक्त शाखामा छैटो तह वा पौचो तहका व्यक्ति प्रमुख हुने व्यवस्था रहेको छ । साधारणत गाउंपालिकाको प्रशासनिक कार्यविभाजन देहाय बमोजिम रहेको छ ।

तालिका २ प्रशासनिक कार्यविभाजन

शाखा	**ईकाईहरू**
प्रशासनिक, योजना र अनुगमन शाखा	प्रशासन इकाई आर्थिक प्रशासन इकाई

राजस्व इकाई
योजना तथा अनुगमन इकाई
कानूनी मामिला इकाई
वडा कार्यालयहरु
सडक तथा अन्य पूर्वाधार इकाई
भवन मापदण्ड कार्यान्वयन इकाई

पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

वतावरण संरक्षण, सरसफाई तथा विपत व्यवस्थापन इकाई

स्वास्थ्य तथा सामाजिक विकास शाखा

सामाजिक सुरक्षा तथा पंजीकरण इकाई
महिला बालबालिका तथा समाजकल्याण इकाई

शिक्षा युवा तथा खेलकुंद शाखा

आन्तरिक लेखा परिक्षण इकाई

गाउंपालिको प्रदान गर्ने सेवा तथा कामको बोझ समेत विश्लेषण् गरी नयां संगठानिक संरचना बनाउनु पर्ने आवश्यकता देखिन्छ । साँगुरीगढी पर्यटकिय रुपमा निकै संभावना भएको क्षेत्र भएकोले पूर्वाधार निर्माण, स्थानीय अवस्थालाई विश्लेषण गर्दा विकासको संभावना समेत उच्च भएको गाउंपालिका भएकोले हाल गाउंपालिकामा भएको मानव जनशक्तिको दक्षता भविष्यको दिनमा समेत थप बढाउनु तथा राजस्व सम्बन्धी कृयाकलापमा विशेपज्ञता भएको व्यक्तिको विकास गर्न आवश्यक तालिम तथा मानव विकास सम्बन्धी कार्यक्रम गर्नु उपयुक्त देखिन्छ ।

.



आकृति १   गाउपालिकाको संगठनात्मक संरचना

२.३ गाउंपालिकाको व्यवस्थापन सम्बन्धी अवस्था

नेपाल सरकार संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वं मूल्याङ्कनको आधारमा तयार पारेको प्रशासनिक व्यवस्थाको सम्बन्धमा तुलनात्मक विश्लेषण गरिएको छ ।

स्थानीय शासन स्वमूल्याङ्कन निर्देशिका अनुसार स्थानीयतहले पेश गरेका विवरणका आधारमा तयार गरेको सूचाङ्क अनुसार धनकुटा जिल्ला अन्तरगत रहेका ७ पालिकाको सूचाङ्कको आधारमा चौविसे, छत्तर जोरपाटी, महालक्ष्मी र पाखीबास जस्ता पालिकाको सूचाङ्क ७० भन्दा बढि देखिएको साथै चौथो स्थानमा साँगुरीगढी रहेको छ । साँगुरीगढी पछि धनकुटा नगरपालिका र खाल्सा छिन्ताङ रहेको छ ।



	चौ वसे	छथर जोरपाटी	धनकुटा	खाल्सा छिन्ताङ्ग सहीदभू म	महालक्ष्मी	पा ख्रबास	साँगुरीगढी
शासकीय प्रवन्ध	8	8	8.5	8	8	8.5	7.25
संगठन तथा प्रशासन	5	8	4.25	4	7	7	5.25
वा र्षक बजेट तथा योजना व्यवस्थापन	8	11	5.5	7	9.5	7	9
वत्तीय एवम् आ र्थक व्यवस्थापन	10	11	7.5	7.75	6.75	8.25	9.5
भौतिक पूर्वाधार	9	12	9	8.5	6.5	12	10
वातावरण संरक्षण तथा वपद व्यवस्थापन	5.5	6	6	5	5.5	6.5	2.5

आकृति २ स्थानीय शासन स्वमूल्याङ्कन

शासकिय प्रवन्धमा धनकुटा र पाख्रिवासले समान ८.५ अंक पाएका छन् साँगुरी गढि सबै पालिका मध्ये कमजोर देखिएको छ । संगठन र प्रशासनमा चौबिसे, धनकुटा, खाल्सा छिन्ताङ भन्दा साँगुरीगढी राम्रो देखिएको छ । वार्षिक बजेटको सन्दर्भमा छथर जोरपाटी सबैभन्दा राम्रो देखिएको छ । त्यसपछि महालक्ष्मी र साँगुरीगढी रहेको छ । अन्य पालिका यस पछि रहेको छन् । वित्तिय र आर्थिक व्यवस्थापनमा छथर जोरपाटी सबैभन्दा राम्रो रहेको छ त्यसपछि चौबिसे र साँगुरीगढी रहेका छन् । भौतिक पूर्वाधारमा सबैभन्दा राम्रो छथर जोरपाटि र पाख्रिबास देखिएका छन् त्यसपछि साँगुरीगढी रहेका छ । वातावरण संरक्षण तथा विपद व्यवस्थापनमा साँगुरीगढी सबैभन्दा कमजोर रहेको छ ।

२.४ बजेट तथा खर्चको प्रवृति

आर्थिक वर्ष २०७८।७९ सालमा महालेखा नियन्त्रकको कार्यालयले प्रकाशित गरेको तथ्याङ्कमा धनकुटा जिल्लामा रहेका ७ पालिकाहरु मध्ये विनियोजन गरेको बजेटमा सबैभन्दा बढि महालक्ष्मी नगरपालिकाले ८७.३३ प्रतिशत खर्च गरेको छ । कम खर्च प्रतिशत हुने पालिकामा सबैभन्दा पछि पाखिबास रहेको छ भने साँगुरीगढीले ७७.०९ प्रतिश गरेका छन् । सबैभन्दा बढि चालु खर्च विनियोजन गर्ने पालिका धनकुटा देखिएको छ । साँगुरीगढीले ३५.८१ प्रतिशत बजेट चालु खर्चमा विनियोजन गरेको छ । सो मध्ये २८.५३ प्रतिशत रहेको छ । पूंजिगत खर्चमा मात्र १३ं.९० प्रतिशत विनियोजन गरेकोकोमा झण्डै ४ प्रतिशत कम खर्च गरेको छ । सबैभन्दा बढि खर्च धनकुटा नगरपालिकाले गरेको छ । पाखिबास, शहिदभूमि छथरजोरपाटिले २६ प्रतिशतको हाराहारीमा खर्च गरेका छन् । पूंजिगत वास्तविक खर्चमा सबैभन्दा बढि धनकुटा नगरपालिका रहेको छ भने सबैभन्दा कम साँगुरीगढी रहेको छ ।

बजेट र खर्चको प्रवृति २०७८/७९



	धनकुटा नगरपा लका	पा खवास नगरपा लका	महालक्ष्मी नगरपा लका	सहिदभू म गाउँपा लका	चौबिसे गाउँपा लका	छथर जोरपाटी गाउँपा लका	साँगुरीगढी गाउँपा लका
बजेट	४५.५३	३५.०२	४५.४६	३०.८२	३६.१८	३०.९३	३५.८१
बजेट	३३.१३	१७.२२	२०.०२	२१.६१	१८.०३	१६.६५	१३.९०
खर्च	४१.७७	२६.८७	४०.७६	२६.७७	३०.२४	२६.८६	२८.५३
खर्च	२३.९६	१२.९०	१६.४३	१६.२५	१३.२३	१३.२५	९.७९
खर्च	६५.८८	३९.७६	५७.१८	४३.०२	४३.४७	४०.११	३८.३२
खर्च प्रतिशत	८३.६०	७६.११	८७.३३	८२.०४	८०.१८	८४.२९	७७.०९

आकृति ३ बजेट र खर्चको प्रवृति

स्रोत आर्थिक सर्वेक्षण, २०७९।८०

२. ५ आन्तरिक राजस्वको विद्यमान अवस्था

गाउं पालिकाले विगतको ३ वर्ष देखि कर संकलन विवरण छ । पालिकाले सम्पत्ति कर, मालपोत वा भूमि कर, घर बहाल घर, व्यवसाय राजिष्टेशन शुल्क संकलन गरेको देखिन्छ । पालिकामा पर्यटकिय स्थान भएकोले पर्यटन, नदीजन्य पदार्थ, प्राकृतिक श्रोतबाट राम्रो आय गर्न सकिने देखिन्छ । पालिकाले आर्थिक वर्ष २०७९।८० मा पर्यटकिय स्थल नमस्ते, ओखे, भेडेटार जस्ता स्थानबाट समेत उल्लेखनिय राजस्व संकलन गरेको देखिन्छ । कुल आन्तरिक राजस्वको प्राकृतिक श्रोतबाट भएको आय झण्डै ५० प्रतिशत रहेको छ । पालिकाले पार्किङ्ग शुल्कबाट उल्लेखनिय रकम संकलन गरेको छ ।

करको उच्च संभाना भएपनि कर संकलनमा उल्लेखनिय प्रयास गरिएको देखिदैन । घर बहाल कर संस्थागत रुपमा बहालमा बसेका केहि बैंक तथा वित्तिय संस्थाहरुले मात्र तिरेको देखिन्छ । उच्चस्तरको होटेलले समेत घर बहाल कर नतिरेको अभिलेखमा देखिन्छ । साथै सम्पत्ति कर संभावयता भन्दा निकै कम संकलन भएको देखिन्छ । भूमि करको सम्बन्धमा कार्यान्वयनमा प्रभावकारीता देखिएको छैन । प्रदेशले दर तय गरी दिने मनोरंजन कर संकलन भएको देखिदैन ।

तालिका ३ आन्तरिक राजस्वको विद्यमान अवस्था

शिर्षक	२०७७/७८	२०७८/७९	२०७९/८०
आन्तरिक श्रोत			
सम्पति कर	३६३५५७	३०००००	४८४०००
मालपोत तथा भूमिकर	३३७८९२	४०००००	१२१०००
घर बहाल कर	४३५९४१	२५००००	३६३०००
व्यवसाय रजिष्टेशन दस्तुर	२०८०२०	२१००००	२१००००
अन्य संस्थागत आन्तरिक अनुदान	०	२५७४९८०	१५००००
अन्य सेवा शुल्क तथा बिक्री	१६६९६५०	१५७८३२१	०
नमस्ते झरना, ओखे भ्यूटावर, भेडेटार पिकनिक स्पट			१४३५०००
ढुङ्गा, गिटी, बालुवा निकासी			८०००००

शिर्षक	२०७७/७८	२०७८/७९	२०७९/८०
पार्किङ शुल्क (सरसफाई शुल्क समेत)	०	३८०७००	६६५५००
नक्सा पास दस्तुर	१७३९८३	५००००	१२१०००
सिफारिस दस्तुर	६२०७८०	६०००००	६०५०००
नाता प्रमाणित दस्तुर	३८८५०	५०,०००	४८४००
अन्य दस्तुर	१५६६६०	३००,०००	२०००००
प्रशासनिक दण्ड जरिवाना र जफत	२६१५००	४०००००	२०००००
अन्य राजश्व	१६५३५२९	२०००००	१३३१०००
बेरुजु	०	५०००००	१०००००
राजश्व बाडफाड प्रासी (+) संघ मुल्य अभिवृव्दि कर	६०३९६००१	७००००००००	५६३४६०००
राजश्व बाडफाड प्रासी (+) संघ अन्तशुल्क			३००००००००
बाँडफाँडवाट प्राप्त हुने सवारी साधन कर	३९८९५२०	४१३१०००	४९९४१५४
घर जग्गा रजिष्ट्रेशन	६७४१४९	१३००००	१०७८८३६
गिटी, ढुङ्गा, बालुवा दहत्तर बहत्तर	८७७४९२७	६९३०७२६	५००००००
विज्ञापनकर			६००००
गत वर्षको मौज्दात	२९६९४८६६	६५७७५५३४	६०००००००
वित्तीय समानीकण अनुदान संघ	९३१०००००	९९३०००००	१०४६०००००
सशर्त अनुदान संघ	२३६६५६६२०	२३४७०००००	२४२४०००००
वित्तीय समानीकण अनुदान प्रदेश	६९८६०००	५५६००००	५५६७०००
सशर्त अनुदान प्रदेश	२५२६०००	८४१६०००	१७२८०००
समपूरक अनुदान प्रदेश	१००००००००	१००००००००	१००००००००
सडक बोर्ड नेपाल	०	१००००००	
LGCPD	०	५०००००	
करूणा फाउन्डेशन नेपाल	०	३०००००	
कूल जम्मा	४३१३१४२९६	५१२७३७२६१	५३०४०७८९०

स्रोत गाउंपालिकाको विनियोजन विधेयक, २०७९

समान प्रकृतिका व्यवसायले कर तिर्ने र कसैले कर समेत नतिर्दा न्यायोचित भएको देखिदैन । संभावित श्रोतबाट करको संकलन नगर्दा विकासका सबै प्रयास कमजोर बन्न सक्दछन् । साथै विधिको शासनमा समेत प्रतिकुल असर पर्दछ । सांगुरीगढी शहर उन्मुख भएको र करको समेत उच्च संभावना भएको देखिन्छ । ५६ प्रतिशत कृषियोग्य जमिन भएको र त्यसमा पनि नगदे बालीको उच्च संभावना भएको र बजार समेत नजिक रहेको देखिन्छ । यी क्षेत्रमा कृषिजन्य वस्तुहरु उत्पादन गर्नुपर्दछ । अमेरिका र क्यानडामा स्थानीयकरले कुल ग्राहस्थ उत्पादनको ३.५ प्रतिशत योगदान गर्दछ ।

२.६ संकलन नभएका कर र गैरकरहरू

गाउंपालिकाले भूमि कर, सम्पत्ति कर, घर बहाल कर जडिबुटिमा कर संकलन गरेको छ । तर आर्थिक ऐनमा व्यवस्था भएपनि सवारी कर (टांगा, रिक्सा, अटोरिक्सा, इरिक्सा) कर र मनोरंजन कर संकलन गरेको देखिदैन । सवारी कर, विज्ञापन कर र मनोरंजन कर हालको अवस्थामा निकै न्यून देखिन्छ ।

तालिका ४ संकलन नभएका कर र गैरकरहरू

सिनेमा डकुमेन्टी	o	o		o
बहाल बिटौरी कर	o	o		o
सवारी साधन कर (सवारी दर्ता, वार्षिक सवारी कर तथा प६के सवारी कर)	o	o		o
पूर्वाधार सेवाको उपयोगमा लाग्ने कर	o	o		o
अन्य मनोरन्जन कर	o	o		o
भेडेटार भ्यूटावर				o
व्यक्तिगत घटना दर्ता दस्तुर		o	o	o

स्रोत गाउंपालिकाको विनियोजन विधेयक, २०७९

यी करको कार्यान्वनयनका कर संकलन भन्दा कर संकलनका लागि लागत बढि लाग्ने सक्ने देखिन्छ ।

परिच्छेद तीन

स्थानीय तहको राजस्वको अधिकार र आय संभावयता

३.१ संविधानिक तथा कानुनी व्यवस्था

३.१.१ नेपालको सं वधान २०७२

स्थानीय तहलाई आफ्नो अधिकारक्षेत्र भित्रको आर्थिक अधिकार सम्बन्धी विषयमा कानून बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र त्यसको कार्यान्वयन गर्ने व्यवस्था रहेको छ [1]। स्थानीय तहले बजेट बनाउने र बजेट पेश गर्ने समय संघीय कानून बमोजिम हुने व्यवस्था गरेको छ । साथै संघ, प्रदेश र स्थानीय तहले प्राकृतिक स्रोतको प्रयोग वा विकासबाट प्राप्त लाभको समन्यायिक वितरणको व्यवस्था गर्नु पर्ने व्यवस्था छ । त्यस्तो लाभको निश्चित अंश रोयल्टी, सेवा वा वस्तुको रूपमा परियोजना प्रभावित क्षेत्र र स्थानीय समुदायलाई कानून बमोजिम वितरण गर्नु पर्ने व्यवस्था रहेको छ ।

संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारक्षेत्र भित्रको विषयमा कर लगाउन र ती स्रोतहरूबाट राजस्व उठाउन सक्ने तर साझा सूचीभित्रको विषयमा र कुनै पनि तहको सूचीमा नपरेका विषयमा कर लगाउने र राजस्व उठाउने व्यवस्था नेपाल सरकारको हुने व्यवस्था रहेको छ[2] । संघले संकलन गरेको राजस्व संघ, प्रदेश र स्थानीय तहलाई न्यायोचित वितरण गर्ने र प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था रहेको छ

[1] नेपालको संविधान, २०७२, धारा ५९

[2] नेपालको संविधान, २०७२, धारा ६०

। संघले प्रदेश र स्थानीय तहलाई खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्ने व्यवस्था समेत रहेको छ ।

.कानून बमोजिम बाहेक स्थानीय तहमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाइने व्यवस्था गरेको छ । स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानून बनाई कर लगाउन सक्नेछ[३] । संविधानले स्थानीय तह अन्तर्गतका प्रत्येक गाउँपालिका र नगरपालिकामा एक स्थानीय सञ्चित कोष रहने सो कोषमा गाउँपालिका वा नगरपालिकालाई प्राप्त हुने सबै प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा नगरपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनु पर्ने व्यवस्था गरेको छ । सोको खर्च सम्बन्धी व्यवस्था स्थानीय कानून बमोजिम हुने उल्लेख गरिएको छ ।

[४] गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक आर्थिक वर्षको राजस्व र व्ययको अनुमान स्थानीय कानून बमोजिम गाउँ सभा वा नगर सभामा पेश गरी पारित गराउनु पर्ने र राजस्व र व्ययको अनुमान पेश गर्दा घाटा बजेट भएमा संघीय कानून र प्रदेश कानून बमोजिम घाटा पूर्ति गर्ने स्रोत समेतको प्रस्ताव गर्नु पर्ने व्यवस्था रहेकोछ ।

तालिका ५ करका तहगत अधिकार क्षेत्र

---

[३] नेपालको संविधान, २०७२, धारा २२८

४ नेपालको संविधान, २०७२, धारा २३०

तह	करको अधिकार क्षेत्र
स्थानीय तह	सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर पर्यटन शुल्क, सेवा शुल्क दस्तुर, दण्ड जरिवाना ।
प्रदेश	घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा कर, पर्यटन, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना
संघीय सरकार	भन्सार, अन्तशुल्क, मूल्य अभिवृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर राहदानी शुल्क, भिसा शुल्क पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु
संघ, प्रदेश र स्थानीय तह	संघ, प्रदेश र स्थानीय तह सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

स्रोत स्थानीय सरकार सचालन ऐन, २०७४

३.२ एकल अधिकार क्षेत्र

नेपालको संविधानको अनुसूची ८ ले स्थानीय तहलाई एकलौटी अधिकार दिएको छ । संविधानको अनुसूची ९ ले संघिय, प्रदेश र स्थानीय तहको साझा अधिकारको रुपमा राखिएको छ । अनुसूची ६ मा घरजग्गा रजिष्टेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, पर्यटन, कृषि आयमा कर, सेवाशुल्क दस्तुर, दण्ड जरिवाना प्रदेश सरकारको अधिकारक्षेत्रको रुपमा राखेको छ । सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवाशुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्डजरिवाना, मनोरञ्जन करलाई स्थानीय तहको एकल अधिकार क्षेत्रभित्र राखेको छ ।

संघीय सरकारलाई भन्सार, अन्तशुल्क, मूल्य अभिबृद्धि कर, संस्थागत आयकर, व्यक्तिगत आयकर, पारिश्रमिक कर तथा राहादानी शुल्क, भिसा शुल्क, पर्यटन दस्तुर, सेवा शुल्क र दण्ड जरिवाना जस्ता गैर करहरु लगाउने अधिकार दिइएको छ । कुनैपनि तहको सरकारले कर लगाउन सक्ने भनेर उल्लेख नभएका विषयमा कर लगाउने व्यवस्था नेपाल सरकारले निर्धारण गरे अनुसार हुने व्यवस्था समेत संविधानमा गरिएकोछ ।

३.३ संघिय ऐनका व्यवस्थाहरु

३.३.१ स्थानीय शासन सञ्चालन ऐन

ऐनले स्थानीय सरकार गाउँपालिका र नगरपालिकालाई एकीकृत सम्पत्ति कर, जग्गा कर, घरभाडा कर, व्यवसाय कर, पार्किङ शुल्क लगाउन सक्ने व्यवस्था गरेको छ । त्यसैगरी स्थानीय सरकारले जडिबुटी तथा जडीबुटी उत्पादनमा कर, फोहोरको पुन प्रयोग सामग्री कवाडी मा कर, पदयात्रा, याफ्टिङ, बङ्गिङ जम्प, खानेपानी, विद्युत, सार्वजनिक पुस्तकालय, सरसफाइ, सडक, बसपार्क, पर्यटन, गेस्ट हाउसको शुल्क लगाउन सक्नेछ । । ऐनको दफा ३८ देखि ४७ सम्म स्थानीय तहलाई देहायका बमोजिमका अधिकार रहेका छन् ।

तालिका ६ स्थानीय तहको कर सम्बन्धी अधिकार र कर्तब्य

स्थानीय, प्रदेश र संघियलाई दिएको अधिकार बमोजिम स्थानीय तहलाई सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमि कर र मनोरञ्जनको नीति, कानून, कार्यान्वयन र नियमन गर्ने अधिकार रहेको स्थानीय पूर्वाधार र सेवा शुल्कहरूको निर्धारण, सङ्कलन र प्रशासन ट्रेकिङ, कयाकिङ, जीप फ्लेयर ऱ्याफ्टिङ, केवलकार, बन्जी जम्प, मोटर बोट, र्याफ्टिङ, सेवा शुल्क साहसिक र नवीन पर्यटन सेवा शुल्कमा लगाइने जडीबुटी र जडीबुटी सामग्री र जीवित जनावरबाट कर लगाउने स्थानीय राजस्वको विस्तार र प्रवर्द्धन आधार	ढुङ्गा, माटो, काठ, स्लेड चट्टान जस्ता प्राकृतिक र खनिज उत्पादनहरूको बिक्री र निर्यातमा कर निर्धारण र सङ्कलन सिफारिस, दर्ता, नविकरणीय, इजाजतपत्र मा शुल्क निर्धारण र सङ्कलन स्थानीय राजस्वको प्रवद्र्धन र प्रोत्साहन गर्ने तथ्याङ्क र राजस्वको जानकारीको आदानप्रदान सङ्घीय र प्रदेश कानून बमोजिम राजस्व चुहावट नियन्त्रणका लागि नीति, कानून, मापदण्ड र नियमावली तयार गर्ने पूर्वाधारमा प्रयोग हुने नीति, कानून, मापदण्ड र नियमन गर्ने भूमि करको सङ्कलन अन्य निर्दिष्ट अधिकार कर र सेवा शुल्क सम्बन्धित कार्य गर्ने

स्रोत स्थानीय सरकार सचालन ऐन, २०७४

३.३.२ अन्तर सरकारी वत्त व्यबस्थापन ऐनका व्यवस्था

अन्तर सरकारी वित्त व्यवस्थापन ऐनले प्रदेश सरकार र स्थानीय सरकार मा दोहोरो पर्न गएका घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर र विज्ञापन करबाट प्राप्त आयलाई बाँडफाँट गर्ने व्यबस्था मिलाएको छ ।

तालिका ७ प्रदेश र स्थानीय तहको करको बाँडफाँड

करका किसिम	दर र दायराको तय	संकलन	बाडफांड हिस्सा	
			स्थानीय	प्रदेश
घरजग्गा रजिष्टेशन शुल्क	प्रदेश	स्थानीय तह	६०	४०
सवारी साधन कर	प्रदेश	प्रदेश सरकार	४०	६०
मनोरञ्जन कर	प्रदेश	स्थानीय तह	६०	४०
विज्ञापन कर	स्थानीय तह	स्थानीय तह	६०	४०
मूल्य अभिवृद्धि कर	संघिय सरकार	संघिय सरकार	१५	१५
अन्तशुल्क आन्तरिक उत्पादन	संघिय सरकार	संघिय सरकार	१५	१५
पर्वतारोहण, विद्युत, वन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतवाट प्राप्त हुने रोयल्टी	संघिय सरकार	संघिय सरकार	२५	२५

स्रोतः अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४

घरजग्गा रजिष्ट्रेशन कर प्रदेश कानून बमोजिम स्थानीय तहले लगाउने व्यवस्था भएपनि मालपोत मार्फत संकलन गरी स्थानीय तहलाई ६० र प्रदेश सरकारलाई ४० प्रतिशतका दरले बाँडफाँट गर्ने, सवारी साधन कर प्रदेश सरकारले उठाई ६० प्रतिशत रकम प्रदेश र ४० प्रतिशत स्थानीय तहले बांडफांड गर्ने अधिकार दिएको छ । मनोरंजन कर प्रदेश कानून बमोजिम स्थानीय तहले उठाई बांडफांड गर्ने व्यवस्था गरिएको छ । विज्ञापन कर स्थानीय कानून बमोजिम संकलन गरी स्थानीय तहले ४० प्रतिशत प्रदेश सरकारलाई दिने व्यवस्था रहेको छ । मूल्य अभिवृद्धि कर र आन्तरिक उत्पादन तर्फको अन्तशुल्क वापत प्राप्त रकमको ७० प्रतिशत नेपाल सरकारले, १५ प्रतिशत प्रदेश र १५ प्रतिशत स्थानीय तहले पाउने व्यबस्था गरेको छ

भने प्राकृतिक श्रोत साधनको रोयल्टीबाट प्राप्त रकम ५० प्रतिशत नेपाल सरकारले, २५ प्रतिशत रकम सम्बन्धित प्रदेशले र २५ प्रतिशत रकम स्थानीय तहलाई बाँडफाँड गर्नुपर्ने ब्यवस्था गरेको छ ।

३.३. ३ राजस्व परामर्श स मति

स्थानीय सरकार संचालन ऐन को दफा ६५ मा प्रत्येक गाउंपालिका वा नगरपालिकाले राजस्व परामर्श समिति गठन गर्न सक्ने अधिकार दिएको छ । उक्त ऐनको व्यवस्था अनुसार राजस्व परामर्श समितिका देहाय बमोजिमका काम, कर्तव्य र अधिकार रहने व्यवस्था रहेका छन ।

- राजस्वका दर र क्षेत्र लगायतका क्षेत्रमा आन्तरिक आयको विश्लेषण तथा अनुमान गर्ने ।
    - ‘ स्थानीय उद्योग व्यवसाय लगायतका रोजगारी प्रवद्र्धन र सिर्जना लगायतका नीतिको परामर्श दिने
    - ‘ कर राजस्व, गैरकर राजस्व, सेवा शुल्क दस्तुर आदिको सम्बन्धमा राय परामर्श दिने ।
- राजस्व प्रशासन सुधारका लागि आवश्यक परामर्श दिने

३.४ आन्तरिक राजस्वको संकलनका प्रमुख श्रोतहरु

गाउंपालिकाले प्रत्येक वर्ष आर्थिक ऐन मार्फत संविधानले दिएको दायरा अन्तरगत कर तथा शुल्क लगाउने गरेको छ । संविधानमा उल्लेख भए बमोजिम भूमिकर, सम्पत्ति कर, सवारी साधन कर, घर बहाल कर, व्यवसाय कर , जडिबुटि, कवाडी र जिवजन्तु कर, विज्ञापन कर, मंनोरंजन कर, विज्ञापन कर लगाउन सक्ने व्यवस्था गाउंपालिकाको आर्थिक ऐनमा गरेको छ । यी मध्ये सम्पत्ति कर, भूमि कर, घर बहाल कर व्यवसाय कर जस्ता करहरु संकलन भएको देखिन्छ भने अन्य करहरु प्रभावकारी रुपमा परिचालन भएको देखिंदैन । मनोरंजन कर तथा विज्ञापन कर को श्रोत नै कमजोर देखिन्छ । यी करहरु कार्यान्वयन गर्दा समेत साधन र श्रोतको उपयोग र कर संकलन गर्दा लाग्ने खर्च तथा त्यसबाट संकलित हुने राजस्व रकमको समेत विश्लेषण गनुपर्ने आवश्यकता देखिन्छ ।

३.५ करमा छुट तथा सुविधाहरु

साधारणत देहाय बमोजिमका व्यक्ति तथा संस्थाहरुलाई स्थानीय कर छुट दिन सकिने व्यवस्था छ ।

१. नेपाल सरकार, प्रदेश सरकार स्थानीय तहको स्वामित्वमा रहेको घर जग्गा

२.सरकारी अस्पतालको घर र घरजग्गा

३. गुठीको स्वामित्वमा रहेका घर जग्गा

४. मुनाफाको उद्देश्य नराखी संचालन गरिएको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संसथानको घर र घरजग्गा

५. राजदुताबास, वाणिज्य नियोग, कूटनीतिक नियोगका घर जग्गा

६. धार्मिक संस्था मन्दीर गुम्बा, चर्च मस्जिद आदीको घर तथा घर जग्गा

७. खानेपानी संकलन पोखरी, विद्युत जृह, मसानघाट, विमानस्थल, बसपार्क, रंगशाला, उद्यान, पार्क, जस्ता सार्वजनिक उपयोगका स्थलहरु

३.६ सम्पत्ति कर सम्बन्धी व्यवस्था

सम्पत्ति कर संभावना भएको कर प्रणाली हो । शहरीकरण भएको क्षेत्रमा मूल्य समेत बढ्ने भएकोले बढि कर लिन र कर आधारमा समेटिन सकिन्छ । यो कर राजनैतिक क्षेत्रसंग समेत जोडिएकोले बढि संवेदनशिल कर प्रणाली पनि हो । सबैभन्दा बढि संभावना शहरीकरणमा नै हुन्छ । सम्पत्ति र आयको आधारमा लिईने करहरु २० प्रतिशत व्यक्तिले ८० प्रतिशत कर तिर्ने र ८० प्रतिशत व्यक्तिहरु २० प्रतिशत

कर तिर्ने अवस्था हुन सक्दछ । सम्पत्तिकर प्रत्यक्ष कर भएको कारण प्रशासनिक व्यवस्था बढि जिम्मेवार हुनुपर्ने आवश्यकता रहन्छ ।

कर सम्पत्तिको मूल्य सरकारले गरिदिने व्यवस्थाको आधारमा क्षेत्र विशेषमा आधारमा हुन्छ । यो चलाएमान नभएको कारण आर्थिक दक्षता समेत उच्च भएको कर प्रणाली हो । जग्गा प्राकृतिक उपहार भएको र सरकारी सुविधा र कार्यक्रमको कारण सम्पत्तिको मूल्यमा फरक पर्दछ । करको दर पालिकाले दिने सेवासंग सामञ्जस्य गरेमा करदाताको कर तिर्ने चाहाना उच्च हुन जान्छ जस्तै शिक्षा, पूर्वाधारमा गरिने खर्च र स्वास्थ्य क्षेत्रमा गरिने खर्चका लागि कर संकलन गरेमा करदाताले बढि फाईदा लिन सक्ने भएकोले सो तिर्न स्वतस्पफूर्त लाग्दछ भन्ने सिद्धान्त रहेको छ साथै करको आधार तथा दर तय गर्दा कर तिर्न सक्ने क्षमताको आधारमा हुनुपर्दछ ।

घरको मूल्याङ्कन गर्दा घरको प्रयोजनका आधारमा घरको मूल्याङ्कन र वर्गिकरण फरक फरक रुपमा गर्न सकिन्छ । आवासिय घर,. मूख्य उद्योग चलेको घरजग्गा, मनोरंजनका लागि निर्माण गरिएको घरजग्गा, सहायक घर उद्योगका लागि निर्माण गरिएको घर र कृषि फर्म वा कृषि उब्जनीका लागि प्रयोग गरिएको घरजग्गा जस्ता रुपमा वर्गिकरण गर्न सकिन्छ । घरको बनाबटको हिसावले सामान्य ढंगले वर्गिकरण गर्न सकिने भएपनि कुनै निश्चित क्षेत्रको लागि बनाएको घरमा आयू समेत फरक पर्ने भएकोले फरक फरक मूल्याङ्कन गर्न सकिन्छ ।

३.६.१ सम्प त्त कर सम्बन्धी व्यवस्था

स्थानीय सरकार संचालन ऐनको दफा ५५ अनुसार गाउंपालिका वा नगरपालिकाले एकिकृत सम्पत्ति कर लगाउन पाउने व्यवस्थाहरु रहेका छ । सम्पत्ति कर लगाउंदा घरजग्गाको आकार, प्रकार, बनौट, उपयोग वा अचल सम्पत्तिको उत्पादनशिल र उपयोगको अवस्था, नागरिकको जीवनस्तर आर्थिकस्तर कर तिर्ने क्षमताको आधारमा कर लगाउनु पर्ने व्यवस्था गरेको छ । अचल सम्पत्तिको प्रचलित बजार मूल्यको

आधारमा कर लगाउने तथा ह्रास कट्टी तथा पालिका सभाले आवश्यक ठानेका अन्य विषयको आधारमा कर लगाउन पाउने व्यवस्था छ ।

३.६.२ सम्प त्त मूल्याङ्कन प्रकृया

गाउँपालिका-नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गालाई आवश्यकता अनुसार क्षेत्र विभाजन गरी त्यस्तो क्षेत्र वा प्रत्येक वडाका बासिन्दाको एकीकृत सम्पत्तिको विवरणको लगत कायम गर्न सक्ने व्यवस्था गरेको छ । उपरोक्त विवरण तयार एकीकृत सम्पत्तिको मूल्याङ्कनका लागि गाउँपालिका-नगरपालिकाले दक्ष र विशेषज्ञ समेत रहेको बढीमा ५ जनाको मूल्याङ्कन समिति गठन गर्नेछ ।मूल्याङ्कन समितिले एकीकृत सम्पति कर लगाउनयोग्य मूल्य निर्धारण गर्न सिफारिस गर्दा देहायका आधारमा गर्नुपर्ने उल्लेख गरिएको छ ।

१ एकीकृत सम्पत्ति कर लगाउनयोग्य मूल्य निर्धारण गर्दा प्रचलित बजार भाउलाई आधार मान्ने,

२ भौतिक संरचनाको मूल्य प्रचलित बजार भाउबाट कायम हुन आएको मूल्यमा ह्रासकट्टी गर्ने,

३ खण्ड (क) बमोजिम मूल्याङ्कन गर्ने प्रयोजनको लागि ह्रासकट्टी गर्दा संरचनाको वनोटको आधारमा प्रत्येक तीन वर्षमा छ प्रतिशतदेखि बीस प्रतिशतसम्म गर्ने,

४ जग्गा बाहेक अन्य भौतिक संरचनाको मूल्याङ्कन दर संरचनाको बनोट, त्यसको आर्थिक उपयोगको महत्वको आधारमा मूल्य निर्धारण गर्ने,

५ भौतिक संरचनाको मूल्य निर्धारण गर्दा क्षतिग्रस्त वा भत्केको अवस्था भएमा क्षतिग्रस्त वा भत्केको भाग बराबरको मूल्य घटाउने ।

३. ७ गाउंपालिकाको राजस्व नीति

गाउंपालिकाले विगतका वर्षदेखि सालबसाली नीति तथा कार्यक्रम ल्याउदै आएको छ । गाउंपालिकाले ल्याएको आर्थिक वर्ष २०७९।८० को राजस्व नीतिका मूख्य व्यवस्था देहाय बमोजिम रहेको छ ।

गाउंपालिकाको राजस्व नीति

१. गाउँपालिका क्षेत्र भित्र निर्माण हुने सम्पूर्ण घरहरुको निर्माण कार्यलाई भूकम्प प्रतिरोधी बनाउने र नक्सा पासलाई अनिवार्य बनाउने ।

२. घर निर्माणमा स्थानीय भवन निर्माण ऐन तथा कानून, भवन निर्माण आचार संहितालाई पूर्ण पालना गरी घर निर्माण इजाजत दिने

३. भूकम्प प्रतिरोधी घर निर्माणका लागि सचेतना कार्यक्रमहरु संचालन गर्ने र घर निर्माण गर्नका लागि निर्माण व्यवसायी तथा कामदारहरुलाई दक्ष कालीगढको तालिम सन्चालन कार्यक्रमलाइ अगाडि बढाइने

४. तालिम प्राप्त कालीगढको अभिलेख तयार गरी तालिम प्राप्त कालीगढबाट मात्र घर बनाउन पाउने व्यवस्था क्रमश लागु गरिने

५. स्थानीय भवन निर्माण सम्बन्धी ऐन २०७७ भन्दा अगाडि निर्माण भएका भवन तथा संरचनाहरुको अभिलेखीकरण कार्य शुरु गरिने

६. गाउँपालिका क्षेत्रको भवन निर्माण कार्यलाई ब्यवस्थित गर्न सडकको मापदण्ड पूर्ण रुपमा लागू गरिने

७ गाउँपालिका क्षेत्र भित्रका घरधुरीहरुको घर नं. कायम गरी घरको एकीकृत अभिलेख ब्यवस्थापन कार्यको थालनी गरिने

८. गाउँपालिकाको भेडेटार बजार, नाम्जे बजार, डाँडाबजार मूलघाट क्षेत्र नयाँ शहर उन्मुख बजार केन्द्रहरुको फोहरमैला व्यवस्थापन ब्यवस्थापन केन्द्र निर्माण गरी सञ्चालनमा ल्याइने

९. गाउँपालिका क्षेत्र भित्रका बजार केन्द्र तथा टोलवस्तीहरुलाई सफा सुन्दर राख्नका लागि फोहोरमैला व्यवस्थापन गर्न सुन्दर शहर तपाईं हाम्रो रहर अभियान सञ्चालन गरिने ।

१०. घरको फोहोरलाई व्यवस्थापन गर्न तालिम व्यवस्था गरिनेछ । कुहिने र नकुहिने गरी छुट्टाछुट्टै गरिने ।

११. तपाइँले तिरेको कर तपाईंकै लागि भन्ने अभिप्रायसाथ करदाता शिक्षा मुख्य बजारहरुमा सरोकारवाला निकायको साझेदारीमा संचालन

१२. बैक तथा वित्तीय संस्थाहरुको सेवा साँगुरीगढी गाउँपालिकाको दश वटै वडाहरुको सेवा विस्तार लागि पहल गरिने

१३. पर्यटन, कृषि र पूर्वाधारको विकास साँगुरीगढीको े आर्थिक समृद्धिको आधार

१४. आन्तरिक राजस्व संकलनलाई प्रभावकारी बनाउनका लागि राजस्व प्रशासनलाई चुस्त दुरुस्त र करदातामैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने, नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्य गर्नको लागि राजस्व परामर्श समितिलाई थप सक्रिय

१५. गाउँपालिका क्षेत्रमा घरवहाल कर तथा ब्यवसाय कर संकलन कार्यलाई प्रभावकारी तथा तथ्यपरक वनाउदै लगिने ।

१६. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सञ्चालन गर्ने व्यवसायीहरुलाई अनिवार्य दर्ता र नवीकरण गर्ने व्यवस्था मिलाइने

१७ करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण बजार अनुगमन कार्यहरुलाई कानून तथा कार्यविधि निर्माण गरी व्यवस्थापन

१८. बजार अनुगमन, व्यवसाय दर्ता नवीकरण, खारेजीको कार्य सरकोकारवाला निकायसँग सहकार्य गर्ने

१९. आन्तरिक राजश्व संकलनलाई मजबुत बनाउनका लागि प्रशासनलाई चुस्त दुरुस्त र करदाता मैत्री बनाउन सरोकारवाला निकायहरुसँग समन्वय गरी राजश्वको दायरा फराकिलो पार्ने

२०. नयाँ करका क्षेत्रको पहिचान गर्ने कार्यको समन्वय एवं खोजी कार्यको लागि राजश्व परामर्श समितिलाई कृयाशिल गरिने ।

२१. गाउँपालिका क्षेत्रबाट घरवहाल कर प्रभावकारी रुपमा संकलन हुन नसकेको हुँदा स्व—घोषणाको माध्यमबाट घरबहाल कर संकलन गर्न आह्वान गरिने ।

२२. यसरी आह्वान गर्दा पनि संकलन हुन नसकेमा घरदैलो कार्यक्रम मार्पmत लगत संकलन गरी नियम अनुसार घरवहाल कर संकलन गर्ने अभियान संचालन गरिनेछ, यसको लागि सम्बन्धित वडा कार्यालयलाई जिम्मेवार बनाइने ।

२३. गाउँपालिका क्षेत्रमा रहेका व्यवसाय सन्चालन गर्ने सबै व्यवसायीहरुलाई अनिवार्य रुपमा दर्ता र समयमै नवीकरण गराइने

२४. साथै करदाता शिक्षा, व्यवसाय दर्ता तथा नवीकरण, बजार अनुगमन जस्ता कार्यलाई सहकार्य गरी अगाडि बढाईने

२५. वडा कार्यालयहरुमा क्यातधबचभ जडान गरी कर संकलन कार्यलाई पारदर्शी र प्रभावकारी बनाइने ।

३.८ सम्प त्त कर प्रकृया

गाउंपालिकाको आर्थिक वर्ष २०७९।८० को आर्थिक ऐनको व्यवस्था बमोजिम देहाय बमोजिम कर लगाउने व्यवस्था गरेको छ ।

तालिका ८ सम्पत्ति करको दर

घर कोप्रकार	२०७९।०८० प्रति वर्ग फिट रु.मा
आर.सी.सी घर	८५०
सिमेन्टको जोडाईमा इटा वा ढुङ्गाको भारबहन क्षमता भएको गाह्रो भएको घर	७००
सिमेन्ट जोडाईमा इट्टा वा ढुङ्गाको गाह्रो भएको जस्ता वा छलीको छाना भएको घर	४००
ढुङ्गा माटोको गाह्रो भएको टिनको छाना भएको घर	३५०
ढुङ्गा माटोको गाह्रो भएको टिनको फुसको छाना भएको घर	३००
काठको खम्बा र इटाले घेरेको जस्ता वा टालीको छाना भएको घर	२५०

काठै काठबाट बनेको जस्ताको छाना भएको घर	२००
बासको बेरा भएको टिन वा टाली वा खरको खरको छाना भएको घर	१५०
ढुङ्गा वा इट्टाको पर्खाल प्रति रनिङ्गफिट	६०

सम्पत्ति करको दर

देखि लाखमा	सम्म लाखमा	आ.व. २०७९।०८० को दर रु.	प्रति लाख	प्रति लाख
१	५	१००	१००	२०
५	१०	२००	४०	२०
१०	१५	२५०	२५	१६.६७
१५	२०	३००	२०	१५
२०	२५	३५०	१७.५	१४
२५	३०	४००	१६	१३.३३
३०	४०	५००	१६.६७	१२.५
४०	५०	७५०	१८.७५	१५
५०	६०	१०००	२०	१६.६७
६०	७०	१५००	२५	२१.४३
७०	८०	२०००	२८.७५	२५
८०	९०	२५००	३१.२५	२७.७८
९०	१००	३०००	३३.३३	३०
१००	१५०	५०००	५०	३३.३३
१५०	२००	१००००	६६.६७	५०
२००	३००	१५०००	७५	५०
३००	५००	२००००	६७	४०
५००		५००००	१००	

स्रोत आर्थिक ऐन २०७९ साँगुरीगढी, गाउंपालिका

साँगुरीगढी गाउंपालिकाको कुल क्षेत्रफल १६६.४४ वर्ग किलोमिटर रहेको छ । उक्त क्षेत्रफलको आधारमा ५६.५२ प्रतिशत भूमि कृषियोग्य रहेको छ । ३४.२४ प्रतिशत भूमि बन तथा वनस्पति भूमि रहेको छ । २.१४ प्रतिशत भूमि आवासिय क्षेत्र रहेको छ । व्यवसायिक क्षेत्र १८.७३ प्रतिशत रहेको छ । औद्योगिक क्षेत्र निकै कम ०.१०३ प्रतिशत रहेको छ।

तालिका ९ गाउपालिकाको क्षेत्रफल

	क्षेत्रफल हेक्टर	प्रतिशतमा	आना	जमिन आनामा
कृषि क्षेत्र	९५०७.१९१	56.52957593	2989061	14945304.3
वन तथा बनस्पति क्षेत्र	५७५९.१३१	34.24368283	1810671	
आवास क्षेत्र	३६०.६९	2.144655845	113401	14175.117
व्यवसायिक क्षेत्र	१८.७३६	0.111403898	5890.6	
आधोगिक क्षेत्र	०.१०३	0.000612436	32.3832	
सार्वजनिक क्षेत्र	२६४.५५८	1.57305681	83177	
अन्य क्षेत्र	३४६.२३३	2.058694799	108856	
उत्खलन क्षेत्र	३७.०१	0.220060752	11635.9	
धार्मिक र साँस्कृतिक क्षेत्र	२.०५७	0.012230883	646.721	
नदी ताल तलैया क्षेत्र	५२२.३७४	3.106025818	164234	

स्रोत आवधिक योजना २०८०-८१ साँगुरीगढी गांउपालिका

केन्द्रिय तथ्याङ्क विभागको २०७८ को जनगणना अनुसार गाउंपालिमा घरको प्रकृति र बनौट देहाय बमोजिम रहेको छ । यस गाउंपालिकामा जम्मा ५००५ घरधुरी रहेका छन् ।

तालिका १० गाउंपालिमा घरको प्रकृति

क्र.स.	किसिम	संख्या	कैफियत
१	आरसिसि छाना भएको	२६२	वडा नं ५ मा ९९ र ६ मा ९६ घर
	जस्ताको छाना भएका	४४३७	
	खरको छाना भएका	२७८	
	ढुङ्गा वा टायलको छाना	१७	
२	सिमेन्टको वाल भएका	५७१	वडा नं ५ मा ११० र ६ मा १६८

श्रोत राष्ट्रिय जनगणना, २०७८

	1	2	3	4	5	6	7	8	9	10
Mud bonded bricks/ stone	380	275	523	319	501	416	338	190	454	285
Cement bonded bricks/ stone	32	57	42	16	110	168	52	56	27	11
Reinforced Cement Concrete with pillars	13	0	0	0	14	30	18	2	2	0

आकृति ४ गाउंपालिमा घरको प्रकृति

३.९ गाउंपालिकाको घरको मूल्याङ्कन प्रकृया

गाउंपा लकाले घरको बनावटको आधारमा मूल्याङ्कन दर रेट, आयू र ह्रासकट्टी दर देहाय बमोजिम निर्धारण गर्दा उपयुक्त दे खन्छ ।

तालिका ११ भवनको मूल्याङ्कन सम्बन्धी व्यवस्था

विवरण	मूल्याङ्कनको दर वर्ग फिट रु मा	ह्रासकट्टी दर	अनुमानित अधिकतम आयु
कांचो इट्टा र माटोको जोडाई काठको घर प्रिफ्याव भवन	१४००	३ प्रतिशत	२५ वर्ष
पाको इट्टा ढुङ्गा माटोको जोडाई	१७००	२ प्रतिशत	३५ वर्ष
भित्र बाहिर पाको इट्टा सिमेन्ट जोडाई	२२००	१.५ प्रतिशत	५० वर्ष
स्टील स्टकचर्स	२३००	२ प्रतिशत	३५ वर्ष
आरसिसि फ्रेम स्टकर्स	२५००	१ प्रतिशत	७५ वर्ष

गाउंपालिकाले कांचो इट्टा र माटोको जोडाई काठको घर प्रिफ्याव भवन भएको घरको मूल्याङ्कन दर रु १४००, ह्रासकट्टी दर ३ प्रतिशत, अधिकतम अनुमानित आयू २५ वर्ष प्रस्ताव गरिएको छ । पाको इट्टा वा ढुङ्गाको र माटो जोडाई भए घरको मूल्याङ्कन दर रु १७०० ह्रासकट्टी दर दर २ प्रतिशत र आयू ३५ वर्ष प्रस्ताव गरिएको छ । पाको इट्टा तथा सिमेन्टको जोडाई भएको घरको मूल्याङ्कन दर २२००, ह्रासकट्टी दर १.५, स्टील स्टकर्स को रु २३ ००, ह्रासकट्टी २ प्रतिशत र आयू ३५ वर्ष प्रस्ताव गरिएको छ । आरसिसि फ्रेम स्टकर्स प्रति वर्ग फुट रु २५००, ह्रासकट्टी १ प्रतिशत, आयु ७५ वर्ष प्रस्ताव गरिएको छ ।

खरको छानो भएको टिनले बारेको जस्ता घरहरुको मूल्याङ्कन नगर्ने तर जग्गाको भने मूल्याङ्कन गरी कर लिने व्यवस्था गर्दा राम्रो हुन्छ । सम्पत्तिको मूल्याङ्कन गर्दा घरको क्षेत्रफलको आधारमा तोकिएको दरमा मूल्याङ्कन गर्ने सो मूल्यमा ह्रास कट्टी गर्ने ह्रास कट्टी गरिसकेको मूल्यमा जग्गाको मूल्य समेत थप गरी करको दर तय गर्नुपर्दछ । यहि एक जना भन्दा बढि घर एक जनाको नाममा भएमा एकैस्थानमा मूल्याङ्कन गरी कर लगाउने व्यवस्था हुनुपर्दछ ।

तालिका १२ गाउपालिकाको घरको मूल्याङ्कन

विवरण	घर	मुल्याङ्कन	अनुमानित क्षेत्रफल	मुल्य रूमा	ह्रासकट्टी पछिको मुल्य	कर ०.०५ %
माटोले जोडेको	3278	1600	1500	7867200000	4720320000	2360160
सिमेन्टको जोडाई	379	2200	2500	2084500000	625350000	312675
आसिसि फ्रेम	262	2500	4000	2620000000	524000000	262000
	3919					2934835

केन्द्रिय तथ्याङ्कको २०७८ को जनगणना अनुसार साँगुरीगढी गाउपालिकामा ३२७८ वटा घर माटोको जोडाई भएका छन् र ३७९ वटा घर सिमेन्टको जोडाई भएका छन् । २६२ वटा घरहरु आरसिसि फ्रेम स्टकर्समा बनेका देखिएका छन् । सोको आधारमा मूल्याङ्कन गर्दा देहाय बमोजिम २९ लाख ३४ हजार कर संकलन हुने देखिएको छ ।

३.१० जग्गाको मूल्याङ्कन

गांउपालिकामा कुल ११३४०१ आना जग्गा आवासिय क्षेत्र देखिएको छ । स्थलगत अनुगमनको आधारमा भेडेटार वा पर्यटकिय क्षेत्रमा आनाको बजार मूल्य सामान्यत रु १० लाख भन्दा बढि रहेको देखिएको छ । साथै ग्रामिण क्षेत्रमा आवासिय क्षेत्रको रु १ लाख प्रतिआना अनुमान गरिएको छ । गाउंपालिकाको नयां भूउपयोग नीति प्रकाशित हुन बांकी रहेको सन्दर्भमा पुरानै कायम भएको क्षेत्रलाई मानि अनुमान गरिएको छ । भेडेटार लगायतका डांडाबजार क्षेत्रमा जग्गाको मूल्य उच्च रहेको तथा अन्य ग्रामिण क्षेत्रमा न्यून भएको अवस्थामा आसासिय क्षेत्रका लागि औषतमा प्रतिआना रु २५०००० कायम अनुमान गरिएको छ ।

तालिका १३ जग्गाको मूल्याङ्कन

साविकमा					
	क्षेत्रफल हेक्टर	प्रतिशतमा	आना	मूल्य	संभावित कर ०.०५ %
आवास क्षेत्र	३६०.६९	२.१४५	११३४०१.	२०००००	११३४०१००.
व्यवसायिक क्षेत्र	१८.७३६	०.१११	५८९०.६	२५००००	७३६३२५.
आधोगिक क्षेत्र	०.१०३	०.००१	३२.३८३	२५००००	४०४७.९
			जम्मा		१२०८०४७२.९
प्रस्तावित					
आवास क्षेत्र	२४१७.५६	१४.३७	760080.864	२०००००	७६००८०८६.४
व्यवसायिक क्षेत्र	६४३.५४	३.८२	202328.976	२५००००	२५२९११२२.
आधोगिक क्षेत्र	०.१	०.०००६१	31.44	२५००००	३९३०.
			जम्मा		101303138.4

स्रोत गाउं पालिकाको भूउपयोग नीति, २०८०

उपरोक्त आधारमा मुल्याङ्न गर्दा आवासिय जग्गाको मूल्य रु २८३५ करोड हुने र त्यसको ०.०५ प्रतिशतले हुने कर १ करोड ४१ लाख संकलन गर्न सकिने अनुमान गरिएको छ ।सम्पत्ति करको दरको दर तय गर्दा देहाय बमोजिम गर्न सकिन्छ ।

तालिका १४ सम्पत्ति करको दर

मुल्य	करको दर
पहिलो रु १० लाख सम्म	नलाग्ने वा ०,०५%
त्यसपछिको १० लाख भन्दा माथि रु५० लाखसम्म	०.०५ प्रतिशत
५० लाख भन्दा माथि १करोडसम्म	०.१० प्रतिशत
१ करोड भन्दा माथि जतिसुकै भएपनि	०.१५ प्रतिशत

३.११ सम्पत्ति करका सवाल

गाउंपालिकाको सम्पत्ति करका सम्बन्धमा खासगरी देहाय बमोजिमका विषयवस्तुहरु रहेका छन् ।

- गाउं वा नगरपालिका सबैभन्दा आधिकारिक निकाय भएको र सोको मूल्याङ्कन आधाकारित समेत हुने भएकोले जग्गाको न्यून मूल्याङ्कन गरी सम्पत्तिको भन्दा बजार मूल्य भन्दा कम मूल्याङ्कन गरिदिनु उपयुक्त हुदैन । बजारको आवश्यकता अनुसार बरु पालिकाले मूल्याङ्कन गर्नुपर्दछ ।
- निर्माण सामाग्रीको प्रकृतिको आधारमा घरको मूल्याङ्कन गरिएको छ तर दर राख्दा प्रचलित बजार भन्दा निकै न्यून रहेको छ । यसले सर्वसाधारण सम्पत्तिको मूल्याङ्कन न्यून भएको देखिन्छ । सर्वसाधारणको सम्पत्तिको कम मूल्याङ्कन हुने भएकोले बैंकमा कर्जा लिन विदेश जान समेत मूल्याङ्कनमा कठिन हुने भएको र यी व्यक्तिहरुले पुन मूल्याङ्कन गराउनुपर्ने अवस्था हुन्छ । प्रचलित बजार दर भन्दा कम मूल्याङ्कन गर्दा गाउंपालिकाको वास्तविक सम्पत्ति कति हो भन्ने एकिन समेत हुन्न ।
- घरको निर्माणको प्रकृति अनुसार मूल्याङ्कन गर्ने र सोको आधारमा ह्रास कट्टी गर्दा भवन तथा निर्माण संरचनाको वास्तविक मूल्याङ्कन हुने र कर पनि सो आधारमा तय हुने भएकोले निर्माणमा ह्रास कट्टी हुने गर्नुपर्दछ ।
- घरधुरीको संख्या भएपनि घरको प्रकृति,घरको आयू, घरको प्रयोजन, क्षेत्रफल खुलेको छैन । आगामी दिनमा गाउंपालिकाले आफ्नो क्षेत्रभित्रका घरको क्षेत्रफल सहित, घरको प्रकृति, बनावट, निर्माण सामाग्रीको प्रयोग सहितको गाउंपालिका प्रोफाईल बनाउनु उपयुक्त देखिन्छ ।

- भवनको सम्बन्धमा उपयोगगिताको आधारमा व्यवसायिक क्षेत्र, आवासिय क्षेत्र, कृषि क्षेत्र जस्ता क्षेत्रको रुपमा वर्गिकरण गर्नु उपयुक्त हुन्छ   । कृषि भवनलाई प्रोत्साहन गर्न न्यून मूल्याङ्कन, आवासलाई त्यसभन्दा बढि र व्यवसायिक भवनलाई बढि दरमा मूल्याङ्कन गर्न सकिन्छ ।
- सम्पत्ति कर लिंदा खासगरी भवन निर्माणको प्रकृतिको तला अनुसार कर लिएको देखिन्छ । यस व्यवस्थाको कारण बढि क्षेत्रफल भएको वा कम क्षेत्रफल घरको कर बराबर लाग्ने देखिन्छ ।
- भवन निर्माणको प्रयोजन फरक फरक भएमा फरक फरक मूल्याङ्कन गर्नु उपयुक्त हुन्छ । तर भवन निर्माण प्रयोजन खुलेको पाईदैन । जस्तै विद्यालय संचालन, कृषि फर्म संचालन, भाडा प्रयोजन, व्यवसायिक प्रयोजनमा प्रकृति खुलेमाल घरको निर्माण समेत फरक हुने भएकोले सो अनुसार गर्नु उपयुक्त हुन्छ ।
- एक जना व्यक्तिको एक भन्दा बढि एकै प्रकृतिको सम्पत्ति भएमा एकैस्थानमा ल्याएर कर लगाउनु उपयुक्त हुन्छ । सम्पत्ति मूल्य बढ्दै जांदा करको दर समेत बढ्दै जान्छ ।
- आबासिय र व्यापारिक दुवै प्रयोजनका लागि प्रयोग गरिने भवन भएमा आवासिय प्रयोजनका लागि आवश्यकता भएजति कम कर र र बांकी घरमा क्षेत्रफलको आधारमा बढि करको दर लगाउनु उपयुक्त देखिन्छ ।

३.१२ भूमि कर

भूमिकरमा कर लिंदा साधारणत क्षेत्रफल वा सो क्षेत्रफलबाट प्राप्त हुनसक्ने प्रतिफलको आधारमा कर लिने गरिन्छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५६ बमोजिम गाउंपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा भूमिकर लगाउने सक्ने व्यवस्था गरेको छ । गाउंपालिकाले सम्पत्तिको करको रुपमा भूमिमा कर लगाउने देखिएको छ । हाल अधिकांश पालिकाहरुले भूउपयोग नीति अनुसार भूमिको वर्गिकरण गरिरहेको सन्दर्भमा भूमिको वर्गिकरण गर्ने र सो अनुसार करको दर तय गर्नु उपयुक्त हुन्छ ।

तालिका १५ भूमि कर

	क्षेत्रफल हेक्टर	प्रतिशतमा	आना	कर रू मा
	साविकमा			
कृषि क्षेत्र	९५०७.१९१	५६.५२९	२९८९०६१	७४७२६५२
	प्रस्तावित			
कृषि क्षेत्र	७०३०.५३	४१.८	२२१०३९९	५५२५९९६

भूमि कर कृषि उत्पादन वा उत्पादकत्व वा प्रतिफलको आधारमा लगाउनु उपयुक्त हुन्छ । हाल पालिकाको कुल ५६ प्रतिशत भूभाग कृषि भूमि रहेको र कृषि कार्य प्रोत्साहन गर्नुपर्ने नै देखिंदा हाललाई न्यून करको दर प्रति रोपनी रु ४० प्रस्ताव गरिएको छ । यो कर लगाउंदा बांझो जमिनको समेत कर लिने व्यवस्था गर्न सकिन्छ वा जमिन बांझोरहेमा जस्तै रु १००० जरिवाना र प्रचलित कानून बमोजिम लाग्ने कर लिने व्यवस्था गर्नुपर्दछ ।

भूमि करको सम्बन्धमा देहाय बमोजिम प्रस्ताव गरिएको छ ।

१. भूमिकरको बजार मूल्यको आधारमा नभई करको उत्पादनको आधारमा कर लिने व्यवस्था गर्नुपर्दछ । कुनै स्थानमा उत्पादन क्षमताको आधारमा परम्परागत बालीलाई आधार मानी करको दर अब्बल, दोयाम, चाहार, सिम र खोरियाको रुपमा फरक फरक करको दर तोकिएको देखिन्छ । कृषि उत्पादन परम्परागत भन्दा फरक भएको फरक फरक वातावरण अनुसार अर्को खालको बाली समेत बढि उत्पादन गर्न सकिने भएकोले करको दर समान नै राख्न सकिन्छ । बरु नयां बालीको सम्बन्धमा गाउंपालिकाले आवश्यक समन्वय गरी तालिमको व्यवस्था भने गरिदिन सक्दछ वा बजारीकरणको लागि व्यवस्था गरिदिनु पर्दछ । परम्परागत वाली मकै गहुं सीमसार वा ओसिपिलो क्षेत्रमा कम फल्ने तर यस क्षेत्रमा अलैची जस्ता बस्तुहरु निकै राम्रो फल्ने देखिन्छ । कृषि भूमिको उत्पादन हुनसक्ने क्षमताका आधारमा करको दर तोक्नु उपयुक्त नै देखिन्छ ।

२.	कृषिजन्य भूमि भएपनि कृषि उब्जनी नगरी बाझैभएपनि उत्पादन भए सरह कर लिनुपर्दछ ।

३.१३ व्यवसाय कर

स्थानीय सरकार संचालन ऐनको दफा ५८ ले गाउंपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार व्यवसाय वा सेवामा पूंजीगत लगानी वा आर्थिक कारोवारको आधारमा व्यवसाय कर लगाउन पाउने व्यवस्था गरेको छ । गाउंपालिकाको आर्थिक ऐनको व्यवस्था अनुसार व्यवसाय कर लगाउंदा विभिन्न कारोवारको वर्गिकरण गरी रु १०० देखि १५००० हजारसम्म कर लगाउन सक्ने व्यवस्था गरेको छ । व्यवसाय कर कारोवारको आधारमा नभई व्यवसायको किसिममा रहेको देखिन्छ ।

तालिका १६ व्यवसाय कर संकलन

राजस्वको क्षेत्र	२०७९।०८०		
	क श्रेणी	ख श्रेणी	ग श्रेणी
मोवाइल टावर ठूलो			१५०००
जग्गा विकास कम्पनी, मोवाइल टावर सानो, केवल नेटवर्क ५०० देखि १००० सम्म ग्रँहक भएको	१००००		
	स्टार होटल	१० कोठा माथि	१० कोठा सम्म ४०००
होटल एण्ड लज	१००००	४५००	
पेटोल पम्प	६०००		
निर्माण सामाग्री तथा हार्डवेयर	५०००	६५००	
डिपार्टमेन्ट पसल	५०००	६०००	१०००
मेनपावर एजेन्सी, बाणिज्य बैक शाखा कार्यालय, टि.भी. च्यानल प्रशासण केन्द्र,			
केवल नेटवर्क ५०० सम्म ग्राहक भएको, बिमा एजेन्ट विदेशी	५०००		
संचार टावर (प्रति टावर), गाडीको सो रुम	५०००	६०००	
रिसोर्ट	४०००	६०००	१५००
विकास बैंक शाखा कार्यालय	४०००		
मोटरसाइकल सो रुम	६५००		
फर्निचर समिल	६५००	२०००	१०००

राजस्वको क्षेत्र	२०७९।०८०		
	क श्रेणी	ख श्रेणी	ग श्रेणी
मिनरल वाटर उद्योग, भेनियर उद्योग	६५००	६०००	
सून चाँदीको गहना बनाउने पसल, विभिन्न सामानको अधिकृत विक्रेता डिलर	६५००	२५००	१५००
औषधी सहित क्लीनिक	६०००	२०००	
फर्निचर पसल	२५००	२०००	१५००
मदिरा पसल	२५००	२०००	१०००
केवल च्यानल प्रशारण केन्द्र, विज्ञापन एजेन्सी, शेयर दलाल, एफ.एम.रेडियो प्रसारण	२५००		
प्लाइउड उद्योग, कानुनी तथा प्राविधिक परामर्श सेवा	२५००	२०००	
निर्माण व्यवसायीको प्रधान कार्यालय भए शाखा कार्यालय	२५००	१५००	
होटल तथा रेष्टुरेण्ट, बस, टक, जीप, कार मर्मत गर्ने वर्क सप, कपडा पसल, कपडा पसल सहित जुत्ता, चप्पल पसल, फेन्सी तथा तयारी पोषाक	२०००	१५००	१०००
थोक किराना पसल, छापाखाना	२०००		
कम्प्यूटर प्रशिक्षण केन्द्र	२०००	१०००	
कृषि भेटेरीनरी पसल	२०००	१०००	५००
ग्रिलआल्मुनियम उद्योग मर्मत तथा निर्माण, टेलिभिजन बिक्री,टेलर्स, औषधी पसल,जुत्ता चप्पल पसल, कस्मेटिक सहित ब्यूटिपार्लर पसल, बिस्कुट तथा पाउरोटी उद्योग,नुडल्स उद्योग, ग्यास डिपो	१५००	१०००	
पूल स्नुकर हाउस, बिमा एजेन्ट स्वेदेशी, कानुनी फर्म तथा लेखा व्यवसायी फर्म, पत्रिका प्रशासक	१५००		
पत्रिका तथा पूस्तक पसल	१२००	१०००	
मासु पसल, मोटरसाइकल मर्मत,टि.भी., घडी रेडियो क्यासेट बिक्री, मोवाइल तथा इलेक्टोनिक्स बिक्री पसल,किचेनका सामानभाडा बर्तन पसल,फोटो स्टुडियो,फोटो कपी, टेलिफोन तथा कुरीयर्स सेवाकक, घरेलु उद्योग (कपडा, स्वेटर, उन, बेतवास, बासका सामानह तयारी), पोल्टी फर्म, गिफ्ट तथा फोटो फ्रेम पसल, दालमोठ उद्योग, मसला उद्योग	१०००	५००	
सवारी साधन सर्भिसिंङ, चुरोट सुर्तिजन्य पदार्थ बिक्री, कोल्ड डिरुङ्स, व्युटीपार्लर तालिम केन्द्र, कुटानी पिसानी मिल, अनुसन्धान तथा परामर्शदाता	१०००		
सैलुन, तरकारी/फलफुल पसल, कस्मेटिक पसल, अगर बत्ती उद्योग	१०००	८००	
अभिकर्ता	७५०		
चिया नास्ता पसल	६००	४००	
अचार उद्योग	५००	२००	
टि.भी., मोवाइल, फ्रिज मर्मत, गाडीको टायर, टयूव मर्मत, अन्य विविध मर्मत, बिरुवा नर्सरी, खुकुरी उद्योग, दुध डेरी, कृषि उपज खरिद बिक्री व्यवसाय, जडिबुटी खरिद बिक्री पसल, एग्रो फार्म उद्योग, हस्तकला सामानको पसल, पान पसल	५००		
अनुवादक			२५०
पत्रपत्रिका वितरक			१००
केवल नेटवर्क १००० भन्दा माथि ग्राहक भएकाको हकमा प्रति ग्राहक रु			२

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

व्यवसायको दर्ता सिफारिस शुल्क देहाय बमोजिम तोकिएको छ ।

तालिका १७ व्यवसायको दर्ता सिफारिस शुल्क

उद्योग दर्ता सिफारीश	रकम रू मा
खाद्य तथा पेय पदार्थ प्रशोधन तथा उत्पादन गर्ने	
दाल, चामल, चिउरा, भुजिया लगायतका उपभोग्य बस्तु	२५०
पाउरोटी केक	२००
मसला तथा मसलाजन्य पदार्थ	५००
चाउचाउ बिस्कुट, कन्फेक्सनरी, सस् लगायत	१०००
बरफ, जुस लगायत	१५००
हल्का पेय पदार्थ	२०००
डिस्टीकलरी उद्योग	५०००
माथि उल्लेख नभएका खाद्य पदार्थ प्रशोधन तथा उत्पादन गर्ने सबै प्रकारका उद्योग	१५००
चिया कफि फारम, चिया कफि प्रशोधन केन्द्र	२५००
जडिबुटी प्रशोधन केन्द्र	१५००
पशु आहार पेलेट दाना	१०००
पशु आहार सामान्य	५००

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

३.१४ व्यवसायिक करको संभावना

३.१४.१ व्यवसायको दर्ता अवस्था

साँगुरीगढी गाउंपालिकामा कुल ५८७ व्यवसाय संचालनमा रहेको केन्द्रिय तथ्याङ्क कार्यालयको २०१८ को आर्थिक गणनाले देखाएको छ । यस मध्ये सबै भन्दा बढि व्यवसाय वडा नं ६ मा १६५ वटा रहेका छन् भने वडा नं ५ मा त्यसभन्दा कम १४७ व्यवसाय दर्ता रहेका छन् । वडा कार्यालयहरुको स्थलगत अवलोकन गर्दा सो बडा नं ६ मा सो भन्दा मिति २०८० साल जेठ २८ गतेसम्ममा ३८७ व्यवसाय दर्ता भएको देखिएको छ र वडा नं ५ मा ६४ व्यवसाय मात्र दर्ता भएको देखिएको छ । वडा अनुसार दर्ता विवरण देहाय बमोजिम रहेको छ ।

व्यवसाय दर्ता



आकृति ५ वडा अनुसार दर्ता विवरण

तथ्याङ्क कार्यालयको अभिलेख अनुसार १ जना मात्र रोजगारी दिने संस्थाहरु २८३ वटा रहेका छन् । २ जना रोजगारी दिने संस्थाहरु १६९ जना रहेका छन् । ३ देखि ९ जना रोजगारी दिने व्यवसायको संख्या ११८ र १० जना भन्दा बढि रोजगारी दिने व्यवसाय १७ वटा रहेका छन् । सर्वेक्षण गरेको ४ वर्ष भैसकेको र नयां संविधान पछि पालिकाको गठन भैसकेपछि धेरै स्थानहरुमा आर्थिक गतिविधि बढ्दै गैरहेकोले यसमा थप विस्तार भएको अनुमान गरिएको छ ।

व्यवसाय कर सम्बन्धी व्यवस्था



तालिका ६ रोजगारी दिने व्यवसायको संख्या

केन्द्रिय तथ्याङ्क विभागको २०१८ सालको आर्थिक गणना अनुसार साँगुरी गढी गाउंपालिकामा कुल ५८७ व्यवसाय संचालन रहेका छन् । कृषि र खाद्यान्न सेवासंग सम्बन्धित ५८ वटा, उत्पादनमूलक ३५, खानी तथा विद्युतसंग सम्बन्धित ५, थोक तथा खुद्रा बिक्रेता २१२ आवाससंग सम्बन्धित १४९, वित्तिय तथा बीमासंग सम्बन्धित १४ वटा, शिक्षासंग सम्बन्धित ५३ वटा, मानविय स्वास्थ्य तथा सामाजिक सुरक्षामा २२ र घरजग्गा लगायतका व्यवसायमा २७ भन्दा बढि संचालन भएको देखिन्छ ।



आकृति ७ व्यवसायको संख्या

व्यवसायको आयबाट साधारणत न्यूनतम पनि देहाय बमोजिम कर संकलन गर्न सकिने अवस्था देखिन्छ ।

तालिका १८ व्यवसायको आयको संभायता

व्यवसायको किसिम	संख्या	थप २०%	करको दर	जम्मा कर
१ जना रोजगारी	२८३	+२२२ ५६२	२०००	११२४०००
२ जना रोजगारी	१६९	२०३	३०००	६०९०००
३-९ जना रोजगारी	११८	१४२	६०००	८५२०००
१० जना भन्दा बढी	१७	२१	१५०००	३१५०००
	५८७			२९०००००

गाउंपालिकामा दर्ता भएका व्यवसायबाट कुल २९ लाख कर संकलन हुने अनुमान गरिएको छ । व्यवसाय करको सन्दर्भमा खासगरी देहाय बमोजिम मूख्य सवालहरु रहेका छन् ।

१. व्यवसाय कर किसिममा लिने भन्दा कारोवार वा मुनाफाको आधारमा लिंदा उपयुक्त देखिन्छ । जस्तै होटेलको कोठाको आधारमा व्यवसाय कर तोकिएको छ । कुनै होटलहरुले एकै कोठामा धेरै मूल्य लिने र कुनै होटलको मूल्य कम हुन सक्दछ यस्तो अवस्थामा बढि आम्दानीमा कम कर तिरे पुग्ने देखिन्छ । यो न्यायोचित देखिदैन ।

२. व्यवसायको प्रकृति तोक्दा नयां किसिमका व्यवसाय छुट्न सक्दछन् । जस्तै सहकारी जस्ता व्यवसाय व्यवसाय करमा समेटिएको देखिदैन । गिटी, ढुङ्गा जस्ता व्यवसाय गर्ने व्यवसाय वा ठेकेदारले कारोवार वा मुनाफाको आधारमा कर तिरेको देखिदैन ।

३. हालको तहगत आधारमा कर लिने व्यवस्था सामान्यत उपयुक्त देखिए पनि एकै श्रेणीमा पर्ने व्यवसायको समेत कारोवार र मुनाफामा उच्च फरक हुने भएकोले सामान्यत मुनाफा वा कारोवारको आधारमा लिन सकिन्छ । कारोवार मूल्य अभिवृद्धि करको बिल वा स्थायी लेखा नंको बिलको आधारमा हुन सक्दछ । वातावरण प्रतिकुल हुने वस्तुहरु, सामाजिक तथा आर्थिक न्यायदिन सूर्तिजन्य वस्तुहरुको कारोवार गर्ने, मदिराजन्य वस्तुहरुको कारोवार गर्ने, प्राकृतिक साधन श्रोतमा आधारित व्यवसायहरुलाई अन्य व्यवसाय सरह कारोवार भएपनि न्यूनतम शतप्रतिशत बढि कर लिनुपर्दछ ।

३.१५ घर बहाल करको व्यवस्था

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ५७ बमोजिम गाउंपालिका वा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको जग्गामा त्यसको उपयोगको आधारमा बहाल कर लगाउन सक्ने व्यवस्था गरेको छ । गाउंपालिका भित्रका घर, भवन, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक रुपमा भाडामा लगाएमा १० प्रतिशत बहाल कर लगाउने व्यवस्था रहेको छ । १० प्रतिशत दर सामान्यत

उपयुक्त नै देखिन्छ । घ



	1	2	3	4	5	6	7	8	9	10
Owned	426	374	581	362	558	641	445	504	490	418
Rented	25	8	2	4	65	44	8	3	1	2
Institutional*	0	0	7	1	4	8	3	3	0	0
Other	0	5	0	2	2	4	0	5	0	0

तालिका ८ घर बहालको अवस्था

घर बहालको कर सम्बन्धमा खासगरी देहाय बमोजिमका विषयवस्तुहरु देखिएका छन् ।

१. केन्द्रिय तथ्याङ्क विभागको आंकडा अनुसार कुल १६२ घरहरु भाडामा गएको देखिन्छ । घरको भाडा व्यवसायको प्रकृति अनुसार फरकफरक हुने भएकोले गाउंपालिकाले यी क्षेत्र छुट्टाई पालिकाले भाडाको मापदण्ड समेत तय गर्न सक्दछ ।

२. घर बहालका लागि आबासिय क्षेत्र, व्यापारिक क्षेत्र वर्गिकरण गर्नुपर्दछ । यसले घर बहालको न्यूनतम दर तोक्न समेत सहयोग गर्दछ । व्यापारिक क्षेत्र र आवासिय वा अन्य औद्योगिक क्षेत्रका फरक फरक बहाल तोक्नु सहज र न्यायिक हुन सक्दछ । बहाल करलाई प्रगतीशिल करको रुपमा लैजान सकिन्छ । संस्थागत बहाल करको लागि संघिय करको क्षेत्राधिकार पर्न सक्ने वा स्थानीय तहको क्षेत्राधिकार भित्र पर्दछ भन्ने विवादको विषय रहेको छ ।

३. जग्गाको भाडाको तय गर्दा जग्गाको प्रयोजन जस्तै प्राथमिक क्षेत्र र अन्य क्षेत्रका लागि फरक फरक मूल्याङ्कन गर्न सकिन्छ ।

४. सरकारी, सरकारी स्वामित्वमा भएका जग्गा वा भवनहरुको छुट्टै अभिलेख गर्नुपर्दछ साथै के आधारमा कर छुट दिएको सबैको सूचना दिनु उपयुक्त हुन्छ ।

३.१६ जडिबुटि, कवाडी र जिवजन्तु कर

गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत देहाय बमोजिमको कर लागाईने व्यवस्था रहेको छ।

तालिका १९ जडिबुटि, कवाडी र जिवजन्तु कर

सि.नं	राजश्वका क्षेत्रहरु	दर रु.
१	उन, खोटो, जडिबूटी, बनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, प्वाख, छाला जस्ता बस्तु	३०००।००
२	कवाडी कर	५०००।००

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

गाउँपालिकाका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटि, वनकस, कवाडी माल र प्रचलित कानुनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला, जस्ता बस्तुको व्यवसायिक कारोबार गरेबापत व्यवसायलाई कर लगाउने व्यवस्था गरेको छ । व्यवसायलाई लाग्ने यो उपयुक्त नै देखिन्छ । त्यसको साथै कवाडी सामानहरु लगायतका सामानहरुमा संघ, प्रदेश र स्थानीयको समेत कुनै कर नलाग्ने भएकोले प्रति युनिट वा किलोमा समेत कर लिने व्यवस्था गर्दा उपयुक्त हुन्छ । साथै गाउंपालिकामा ३४ प्रतिशत वन जंगल भएको वनजन्य वस्तुहरु, जडिवुटी लगायतका वस्तुहरुमा लागि समेत संभावित क्षेत्र भएकोले यी वस्तुहरुमा परिमाणको आधारमा समेत कर लिने व्यवस्था गर्नुपर्दछ ।

३.१७ विज्ञापन कर

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा देहाय बमोजिम विज्ञापन कर लगाईने र प्रदेश कानून स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोही बमोजिम हुने व्यवस्था रहेको छ ।

तालिका २० विज्ञापन कर

सि.नं	राजश्वका क्षेत्रहरु	दर रु.
१	होर्डिङबोर्ड मुख्य सडकहरु प्रति वर्ग फिट	५०
२	होर्डिङ बोर्ड मुख्य सडक सग जोडिएका शाखा सडकह प्रति वर्ग फिट	३०
३	होर्डिङ बोर्ड अन्यत्र प्रति वर्ग फिट	२०
४	फल्यास बोर्ड प्रति वर्ग फिट	१०
५	माथि उल्लेखित प्रकरण बाहेकको हकमा प्रति वर्ग फिट	१०
६	व्यानर प्रति २ हप्ता	५००
७	व्यानर व्यापारिक प्रति गोटा प्रति वर्ग फिट (दुई हप्ताका लागि)	२०
८	गेट राख्न गाउपालिकाको स्वीकृती लिएर मात्र प्रति हप्ता	१०००
९	प्रचार प्रसार सिटी रिक्सा समेतबाट माइकिङ प्रतिदिन मात्र	५०
१०	प्रचार प्रसार गाडीबाट प्रतिदिन	१००

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

विज्ञापनमा कर लगाउंदा गाउंपालिकाको स्विकृति लिएरमात्र विज्ञापन गर्न पाउने व्यवस्था गर्दा उपयुक्त देखिन्छ । सार्वजनिक स्थलमा बन्देज गरेका (मादक पदार्थ, सुर्तिजन्य) जस्ता बस्तुहरुको विज्ञापन गर्न नपाईने, सरकारका तर्फबाट हुने जनचेतना मुलक सुचना सामाग्रीमा विज्ञापन कर छुट दिने, स्वीकृत नै नलिई गरिएका विज्ञापन सामग्री जरिवाना लिई स्विकृति गर्न सकिने वा हटाउने सक्ने व्यवस्था उपयुक्त देखिन्छ । साथै नविकरण गर्दा र समयावधि समाप्त भएपछि स्वयं विज्ञापनकताले नै विज्ञापन हटाउने व्यवस्था गर्दा उपयुक्त देखिन्छ ।

३.१८ वहाल विटौरी कर

साँगुरीगढी गाउँपालिका क्षेत्रभित्र आफूले निर्माण, रेखदेख वा संचालन गरेको हाट बजार वा पसलमा देहाय अनुसार वहाल बिटौरी कर लगाउने प्रस्ताव गरेको छ । तर संकलन गरेको देखिएको छैन ।

तालिका २१ वहाल विटौरी कर

सि.नं	राजश्वका क्षेत्रहरु	दर रु.
१	पक्की घर	प्रतिघरधुरी १२०० को दरले संकलन गर्ने
२	कच्ची घर	प्रतिघरधुरी १२०० को दरले संकलन गर्ने
३	हाटबजार शूल्क	
४	कपडा रेडिमेड पसल	५०
५	किराना पसल	३०
६	भाडा पसल	२५
७	सागसव्जी-फलफुल पसल लगायत अन्य साना पसल	१५

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

बहाल बिटौरी कर मूलत सार्वजनिक क्षेत्रका जग्गामा व्यवस्थित गरेको कारण लिइने कर भएको र यस करको संभावता यस पालिकामा उच्च रहेको देखिन्छ । यसका लागि गाउंपालिकाले सार्वजनिक जग्गालाई व्यवस्थित बनाई कर उठाउन सक्ने देखिन्छ ।

३.१९ सवारी साधन कर

गाउँपालिकाका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लगाईने व्यवस्था रहेको छ।

तालिका २२ सवारी साधन कर

सि.नं	राजश्वका क्षेत्रहरु	दर रु.
१	टागा	००
२	रिक्सा	३००
३	अटो रिक्सा	४००
४	विद्युतीय रिक्सा (इ रिक्सा)	५००
५	सिटी रिम्सा नविकरण	२५०
६	सिटी रिक्सा नामसारी	५००
७	पावर टिलर	५००

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

सवारी साधनको करको दर आर्थिक ऐनमा व्यवस्था गरेपनि दर्ता वा संकलन गरेको देखिदैन । आर्थिक ऐनमा गरेका प्रस्तावहरु संघिय कानून बमोजिम उपयुक्त नै रहेको देखिन्छ । तर सवारी साधनहरु दर्ता गर्दा वा नविकरण गर्दा सहजता भएमा एकै पटक तर तिरेमा पार्किङ शुल्क वा पटके करमा सहुलियत हुने अवस्था भएमा सवारी साधन दर्ता गर्न प्रोत्साहन हुने देखिन्छ । साथै अन्य करमा छुट दिने व्यवस्था गर्दा हालको दरमा झण्डै २ गुणा वृद्धि गर्नु उपयुक्त देखिन्छ ।

परिच्छेदः चार

गैर कर सम्बन्धी व्यवस्था र सवालहरू

४.१ संघिय कानूनका व्यवस्था

स्थानिय सरकार संचालन ऐनले स्थानीय सरकार गाउँपालिका र नगरपालिकालाई जडिबुटी तथा जडीबुटी उत्पादनमा कर, फोहोरको पुन प्रयोग सामग्री कवाडी मा कर, पदयात्रा, 'याफ्टिङ, बङ्गिङ जम्प, खानेपानी, विद्युत, सार्वजनिक पुस्तकालय, सरसफाइ, सडक, बसपार्क, पर्यटन, गेस्ट हाउसको शुल्क लगाउन सक्नेछ । । ऐनको दफा ३८ देखि ४७ सम्म स्थानीय तहलाई देहायका बमोजिमका अधिकार रहेका छन् ।साथै स्थानीय तहले धेरै क्षेत्रहरुमा राजस्व संकलन गर्ने वा सेवा बापत शुल्क लिन पाउने व्यवस्था गरेको छ ।

१. स्थानीय पूर्वाधार र सेवा शुल्कहरूको निर्धारण, सङ्कलन र प्रशासन ।
२. ट्रेकिङ, कयाकिङ, जीप फ्लेयर र्याफ्टिङ, केबलकार, बन्जी जम्प, मोटर बोट, र्याफ्टिङ, सेवा शुल््क साहसिक र नवीन पर्यटन सेवा शुल्कमा लगाइने
३. जडीबुटी र जडीबुटी सामग्री र जीवित जनावरबाट कर लगाउने
४. ढुङ्गा, माटो, काठ, स्लेड चट्टान जस्ता प्राकृतिक र खनिज उत्पादनहरूको बिक्री र निर्यातमा कर निर्धारण र सङ्कलन
५. सिफारिस, दर्ता, नवीकरणीय, इजाजतपत्र मा शुल्क निर्धारण र सङ्कलन
६. स्थानीय राजस्वको प्रवद्र्धन र प्रोत्साहन गर्ने
७. तथ्याङ्क र राजस्वको जानकारीको आदानप्रदान
८. सङ्घीय र प्रदेश कानून बमोजिम राजस्व चुहावट नियन्त्रणका लागि नीति, कानून, मापदण्ड र नियमावली तयार गर्ने ।

९. पूर्वाधारमा प्रयोग हुने नीति, कानून, मापदण्ड र नियमन गर्ने

१०. अन्य निर्दिष्ट अधिकार कर र सेवा शुल्क सम्बन्धित कार्य गर्ने

४.२ गैर कर राजस्व क्षेत्रहरू

स्थानिय सरकार संचालन ऐन र गाउँपालिको आर्थिक ऐन बमोजिम देहाय अनसारका गैर कर क्षेत्रहरूमा राजस्व लगाएको छ ।

तालिका २३ गैर कर क्षेत्रहरू

व्यक्तिगत घटना दर्ता प्रमाण पत्रको प्रतिलिपि , उजुरी तथा मुद्दा दर्ता दस्तुर, पूरै कच्चि घर, रुख कटान सिफारिस प्रति गोटा	१००
घर निर्माण सम्पन्न प्रमाण पत्र कच्ची , काठ तथा बाँसको सेट बेरा सिमेण्ट प्लाष्टर , जस्ता वा खरको छाना, भएको घर, व्यवसाय नामसारी सिफारीस दस्तुर, कच्ची घर फुसको छाना भएको वा सामान्य प्रकृतिको घर नक्सा नामसारी, साँध सिमाना प्रमाणित, वैदेशिक रोजगारीको सिफारीस, वसोवास प्रमाणित (स्वदेशि प्रयोजन), मोहि नामसारी सिफारिस, नेपाली पेन्सन पट्टा सिफारिस, उल्लेखित वाहेकका अन्य सिफारिस, घर नम्बरिङ्ग प्रति प्लेट	२००
नक्सा पास सम्बन्धी प्रमाणपत्रको प्रतिलिपी, घर नक्साको प्रतिलिपी, नागरिकता सम्बन्धीसिफारिस (नयाँ र प्रतिलिपी), जग्गा नामसारी सिफारिस ग्रामिण क्षेत्रमा, घरजग्गा नामसारी सिफारिस ग्रामिण क्षेत्रमा	२५०
भुँईतलामा पक्की दिवाल भइ माथि टीनको छाना भएको, सेवा मूलक संघ संस्था दर्ता नवीकरण सिफारिस	३००
सर्जमिन मुचुल्का	३५०
घर नक्सा निरीक्षण तथा सर्जमिन, घर नक्सा पास पुस्तिका, घर निर्माण सम्पन्न प्रमाण पत्र पक्की, घर नक्सा नामसारि १००० स्वाक्यर फिट भन्दा कम लागि, घर कायमको सिफारिस (घर सम्पन्न प्रमाण पत्र प्राप्त भएकाको हकमा मात्र), जग्गा नामसारी सिफारिस शहरी क्षेत्रमा, घरजग्गा नामसारी शहरी क्षेत्रमा, टेलिफोन जडान सिफारीस, कन्सुलर प्रमाणित, संघ संस्था नविकरण सिफारीस, निर्माण व्यवसायी इजाजत नविकरण सिफारिस, घ वर्गका निर्माण व्यवसायि इजाजत प्रतिलिपि दस्तुर, नाता प्रमाणित दस्तुर, वसोवास प्रमाणित (वैदेशिक प्रयोजन), नाफा मूलक संघ संस्था दर्ता नवीकरण सिफारिस, भारतीय पेन्सन पट्टा सिफारिस, अंग्रेजीमा प्रमाणित तथा सिफारिस	५००
घर नक्सा ले आउट, घर नक्सा नामसारि १००० स्वाक्यर फिट भन्दा माथिको लागि, मिलापत्र दस्तुर (दुवै पक्षबाट आधा आधा व्यहोरिने), घ वर्गका निर्माण व्यवसायी इजाजत दस्तुर, घ वर्गका निर्माण व्यवसायी इजाजत नविकरण दस्तुर, अन्य मुलुकको पेन्सन पट्टा सिफारिस, अपुतालि सिफारिस	१०००
घ वर्गका निर्माण व्यवसायि इजाजत नविकरण थप दस्तुर , कलेज कक्षा थप सिफारिस प्रति कक्षा	२०००
निजी मन्टेस्वरी नवीकरण, निजी विद्यालय थप कक्षा सञ्चालन प्रति कक्षा (१ देखि ३ कक्षा)	६,०००
निजी विद्यालय १ देखि ३ सम्म	४,०००
निजी विद्यालय १ देखि ५ सम्म, निजी विद्यालय थप कक्षा सञ्चालन प्रति कक्षा (४ देखि ५ कक्षा)	५०००
निजी विद्यालय थप कक्षा सञ्चालन प्रति कक्षा (५ देखि ८ कक्षा)	६०००
निजी विद्यालय १ देखि ८ सम्म, निजी विद्यालय थप कक्षा सञ्चालन प्रति कक्षा (८ देखि १० कक्षा)	८,०००
निजी विद्यालय १ देखि १० सम्म, निजी विद्यालय थप कक्षा सञ्चालन प्रति कक्षा (११ देखि १२ कक्षा)	१०,०००
निजी विद्यालय ११ र १२ कक्षाको लागि	१२,०००
व्यक्तिगत घटना दर्ता दिनभित्र निशुल्क त्यस पछि दर्ता आएमा जरिवाना वापत	५०
प्रतिलिपि दस्तुर प्रति पाना	१५
ढुंगा गिटी बालुवा स्टक प्रमाणित (प्रति टन मिटर)	१०

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

४.३ प्राकृतिक क्षेत्रको उत्पादन

प्राकृतिक श्रोतको कारण बढि भन्दा बढि फाईदा स्थानीय स्तरमा हुनुपर्दछ । प्राकृतिक श्रोतको असमान वितरण हुने भएदउ केन्द्रिय स्तरमा राख्नु उपयुक्त देखिन्छ । प्राकृतिक श्रोत स्थानीय तहले व्यवस्थापन र नियमन गर्नु उपयुक्त देखिन्छ । ढुंगा, गिटी बालुवा लगायतका निर्माण सामाग्रीलाई खानीबाट उत्खलन गरी प्रयोगमा ल्याउने व्यवस्था गर्न नसक्दा नदी, खोलाबाट मात्र निकाल्नुपर्ने अवस्था रहेको छ ।स्थानीय सरकार संचालन ऐनको दफा ११ मा ढुङ्गा, गिट्टी, बालुवा,माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुङ्गा आदि प्राकृतिक एव खानिजन्य वस्तुहरूको बिक्री तथा निकासी शुल्क तथा दस्तुर संकलन तथा ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा तथा स्लेट जस्ता खानिजन्य वस्तुको सर्वेक्षण, उत्खलन तथा उपयोगको दर्ता, अनुमति, नविकरण, खारेजी र व्यवस्थापन गरेको छ ।

स्थानीय सरकार संचालन ऐनको ६४ (१) च व्यवस्था अनुसार ढुङ्गा, गिट्टी, बालुवा, चुनढुङ्गा, खरिढुङ्गा,दहत्तर बहत्तरमा प्राकृतिक श्रोतको कर र प्रकृया प्रदेशले निर्धारण गर्ने र गाउंपालिका वा नगरपालिकाले संकलन गर्ने व्यवस्था गरेको छ ।गाउँपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुंगा, आदि प्राकृतिक एवं खानीजन्य, वस्तुहको विक्री गर्न सक्नेछ । गाउँपालिका क्षेत्रभित्र उत्पादन भइ सीमाक्षेत्र बाहिर निकासी हुने ढुंगा, गिट्टी, वालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरीढुंगा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको वाह्य निकासीमा बिक्री तथा निकासी शुल्क लगाउने व्यवस्था गरेको छ ।

नेपाल ऐन संशोधन गर्ने ऐन २०७५ को दफा ४७ को उपदफा ९ ले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ पछि ६२ क थप गरी स्लेट, ढुङ्गा, बालुबा माटोजन्य वस्तुहरुको बिक्री स्थानीय तहले नै गर्न सक्ने र सो वापत प्राप्त हुने राजस्व आफनो संचित कोषमा दाखिला गर्न सक्ने व्यवस्था गरेको छ । तर

आर्थिक ऐन २०७५ दफा ३४ ले स्थानीय सरकार संचालन ऐनको दफा ६४ मा प्रदेश र स्थानीय तहबीचको दोहोरो अधिकार क्षेत्रभित्रका कर निर्धारण, संकलन र बांडफांड अन्तरगत ढुंगा, गिटी, बालुवा, सम्बन्धी व्यवस्था खारेज भएको छ [५]। नेपाल सरकारले जारी गरेको निर्देशिकाले ढुङ्गा, गिटी, बालुबा एवं माटोजन्य वस्तुको बिक्री स्थानीय तहले नै गर्न सक्ने र सो बापत प्राप्त आय प्रदेश र स्थानीय तहबीच बांडफांड हुने व्यबस्था छ ।

गाउंपालिकामा करिब ३.१० प्रतिशत भूभाग खोलानाला भएको देखिएको छ । यस क्षेत्रवाट ढुङ्गा, बालुबा दहत्तर बहत्तर जस्ता बस्तुहरूको आय हुने भएकोले अझै व्यवस्थित गरी अनुमान गरी कार्यान्वयन गर्ने र कर लगाउने व्यवस्था गर्नु पर्ने देखिन्छ ।गाउपालिकाले दैनिक २४४ घनमिटर वा बढिमा २५० घनमिटर वा बार्षिक ६६१५० घनमिटर उत्खलन गर्न पाउने व्यबस्था रहेको छ ।

४.४ वनजन्य वस्तुहरूको प्रयोग र संचालन

स्थानीय सरकार संचालन ऐनले बन, जंगल, जलउपयोग, पर्यावरण, जैविक विविधता, स्थानीय नीति कानून मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन, स्थानीयस्तरमा सामुदायिक, ग्रामिण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी बनको संरक्षण, सम्वद्र्धन, उपयोग, अनुगमन, नियमन तथा बन उपभोक्ता समुहको व्यवस्थापन गर्ने व्यवस्था गरेको छ ।साथै देहाय बमोजिम थप व्यवस्था गरेको छ ।

- स्थानीय स्तरमा नदी किनार, नदी उकास, नहर, किनार सडक किनारमा वृक्षारोपण, स्थानीय निजी वनको प्रवद्र्धन, अनुगमन र नियमन,

[5] चौथो वार्षिक प्रतिवेदन, २०७९, राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमांडौ ।

- स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा, वा क्षेत्रमा वृक्षारोपण,, सम्भार उपभोग र व्यवस्थापन
- स्थानीयस्तरमा जडिबुटी तथा अन्य गैर काष्ठ बन पैदावार सम्बन्धी सर्वेक्षण, उत्पादन, संकलन, प्रवद्र्धन, प्रशोधन र व्यवस्थापन
- बनबिउ बगैचा स्थापना, व्यवस्थापन र प्रवद्र्धन लगायतका अन्य बनजन्य जीवजन्तुको व्यवस्थापन समेटेको छ ।

बन ऐन २०७६ र बन नियममवली २०७९ समेतले स्थानीय तहको उपभोक्ता समितिको दर्तासामुदायिक बन व्यवस्थापन तथा कार्ययोजना स्विकृति तथा सम्झौता, बिक्रीयोग्य वस्तुहरुको मूल्य निर्धारण, स्थानीय उपभोक्ता समिति र स्थानीय तहहरुबीच सम्झौता बमोजिमको रकमको बांडफांड, शहरी बनको विकास र प्राप्त रकमलाई संचितीकोषमा दाखिला लगायतका व्यवस्थाहरु रहेका छन् । वन नियमावलीले सामुदायिक बनको कार्ययोजना तयार गर्दा स्थानीय तह संग परामर्श लिनुपर्ने, प्रतिवेदन बुझाउनु पर्ने, सामुदायिक बन उपभोक्ता समुह र स्थानीय तहको साझेदारीमा पर्यापर्यटन संचालन गर्न सकिने, दर्ता भएका उपभोक्ता समुहको अद्यावधिक रुपमा स्थानीय तहमा अभिलेख हुनुपर्ने जस्ता व्यवस्थाहरु समेत गरेको छ ।

वन ऐन २०७६ को दफा ४५ मा वन विकास कोषको स्थापना नेपाल सरकारले गर्ने व्यवस्था रहेको छ । बन क्षेत्रको वन पैदावार बिक्रीबाट प्राप्त रकम, वातावरण सेवाबाट प्राप्त रकम र वन क्षेत्र अन्य प्रयोजन वापत प्राप्त हुने रकम जम्मा हुने व्यवस्था रहेको छ । यो व्यवस्था अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४ को प्रतिकुल देखिन्छ ।संरक्षण क्षेत्र व्यवस्थापनबाट प्राप्त हुने रोयल्टी राष्टिय प्रकृति संरक्षण कोष अन्तरगत जम्मा गर्ने व्यवस्था छ । उल्लेखित प्रावधानहरु संविधानिक व्यवस्था एवं अन्तरगत सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को प्रावधान प्रतिकुल हुने भएकोले यस्ता कोषमा जम्मा हुने गरेका रकमहरु समेत संघिय कोषमा जम्मा हुने कानूनी व्यवस्था हुनुपर्ने राय समेत रहेको छ ।

४.५ पार्किङ्ग सरसफाई तथा पुर्वाधार सेवा शुल्क

गाउँपालिकाका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत देहाय अनुसार पार्किङ शुल्क लगाईने प्रस्ताव गरेको छ ।

तालिका २४ पार्किङ्ग सरसफाई तथा पुर्वाधार सेवा शुल्क

सि.नं	राजश्वका क्षेत्रहरु	दर रु.
१	ट्रली, ट्रिपर, लहरी,	५०
२	बस, ट्रक टयाक्टर,	५०
३	मिनी बस, मिनी ट्रक, माइक्रो बस	३०
४	पिकअप, कार, जीप, भ्यान	२०
५	भारतीय सवारी साधन, ट्रली,बस, ट्रक	भारु १५०
६	भारतीय सवारी साधन, कार, जीप, भ्यान, माइक्रो बस	भारु १००
७	भारतीय मोटरसाइकल	भारु २०

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

- यस पार्किङ शुल्कबाट गाउंपालिकाले झण्डै ६ लाख आम्दानी गरेको देखिन्छ ।
- सामान्यत भेडेटार क्षेत्रमा आउने व्यक्तिहरु पर्यटकहरु हुने यी पर्यटकहरुलाई पटके रुपमा साविकको दर भन्दा दुई गुणा सम्म बढाएपनि आउने संख्यामा कमि हुने देखिन्न । पार्किङ शुल्क हालभन्दा शत प्रतिशत वृद्धि गर्न सुझाब दिइन्छ ।

४. ६ टेकिङ्गकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र -याफ्टीङ्ग शुल्क

साँगुरीगढी गाउँपालिकाको आफ्नो क्षेत्रभित्र टेकिङ्ग, कोयोकिङ, क्यान्योइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र

-याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवापत शुल्क लगाउने व्यवस्था गरेको छ । तर शुल्क तोकेको छैन । र कार्यान्वयनमा भएको पनि देखिदैन । यस सेवा शुल्कमा गाउंपालिकाले उच्च दर कर संकलन गर्न सक्दछ । माथि उल्लेखित क्रियाकलापहरु मूलक मनोरंजन लगायतका क्षेत्रसंग सम्बन्धित भएको कारण यी

व्यवसायमा उच्च करको संभावना रहन्छ । यी नयां खालका व्यवसायमा गाउंपालिकाले स्विकृति दिंदाकै करको समेत तय गर्दा बढि उपयुक्त हुन्छ । नयां खालका व्यवसाय नितान्त गाउंपालिकाको प्राकृतिक र भौगोलिक बनावटको आधारमा आउने हुनाले करको कारण अन्य क्षेत्रमा स्थानन्तर हुन सक्दैन ।

४.७ स्थानीय सडक पूर्वाधार प्रयोग सेवा शुल्क

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराएको सेवामा सेवाग्राहीबाट शुल्क लगाइने व्यवस्था गरेको छ ।

तालिका २५ स्थानीय सडक पूर्वाधार प्रयोग सेवा शुल्क

सि.नं.	राजश्वका क्षेत्रहरु	दर रु.
	सवारी साधनको किसिम	
१	टिपर प्रति टिप	५०
२	मिनी टिपर प्रति टिप	३०
३	टक प्रति टिप	३०
४	ट्याक्टर	२०
५	बस (राजमार्गमा चल्ने रुट इजाजत प्राप्त बाहेक)	३०
६	ट्याक्सी, टेम्पो, जिप, भ्यान (राजमार्गमा चल्ने रुट इजाजत प्राप्त बाहेक)	१५

स्रोत आर्थिक ऐन, २०७९, साँगुरीगढी गाउंपालिका ।

स्थानीय सडक पूर्वाधार प्रयोग सेवा शुल्क कार्यान्वयन गरेको देखिदैन । स्थानीय पूर्वाधार शुल्क पालिकाले १०० प्रतिशत थप गर्नुपर्ने देखिन्छ । यस शुल्कबाट प्राप्त रकमको छुट्टै कोष बनाई जम्मा गर्ने सो कोषबाट सडक मर्मत तथा संहार गर्न रकम खर्च गर्ने व्यवस्था गर्दा बढि उपयुक्त देखिन्छ ।

गैर करको समेत यस पालिकामा उच्च संभावना रहेको छ । पर्यटकिय क्षेत्र भएको र तराई क्षेत्रवाट सबैभन्दा नजिकको पहाडी हिल स्टेशन समेत भएको कारण पर्यटकिय सेवासंग सम्बन्धित क्षेत्रहरु जस्तै सवारी साधनहरुको पूर्वाधार शुल्क, पार्किङ्ग लिईरहेको छ । यसलाई अझ व्यवस्थित बनाई शत प्रतिशत

सम्म वृद्धि गर्न सकिन्छ । गाउंपालिकाको ३४ प्रतिशत बन क्षेत्र रहेको छ । संरक्षित क्षेत्र बाहेक सबै बनको व्यवस्थापन आयआर्जन लगायतका कार्य गर्न गाउंपालिकाले गर्न सकिने देखिन्छ । य पालिकाको दिगो श्रोतको रुपमा रहन सक्ने देखिन्छ ।

गाउंपालिका शहरउन्मुख रहेको छ । यस क्षेत्रमा फोहोरको समेत व्यवस्थापनबाट समेत शुल्क लिन सक्ने र फोहोरो उचित व्यवस्थापन गरेमा समेत आय आर्जन हुन सक्दछ । वातावरणीय मूल्याङ्कनबाट समेत उचित देखिएमा हालको नदिजन्य उत्पादनलाइ खानीजन्य समेत उत्पादन गर्न सकिने भएकोले नदिजन्य पदार्थको झण्डै २ गुणा आम्दानी बढाउन सकिन्छ ।

परिच्छेदः पाँच

राजस्व योजना

पूर्ववत अध्यायमा विश्लेशणको आधारमा गाउपालिकाको राजस्व सम्बन्धी योजना देहाय प्रस्ताव गरिएको छ ।

५.१ गांउपालिकाको राजस्व सुधार कार्ययोजना

राजस्व सम्बन्धी विद्यमान व्यवस्थामा सुधार गर्न निम्न कृयाकलापहरु प्रस्ताव गरिएको छ ।

तालिका २६ गांउपालिकाको राजस्व सुधार कार्ययोजना

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
तथ्याङ्कलाई अद्यावधिक गर्न गाउंपालिकाको प्रोफाईल तयार गर्ने	- सबै घरधुरीको लगत अद्यावधिक गर्ने । - घर भाडामा लागेका घरको सूचना संकलन गर्ने । - व्यवसायको किसिम, आकार, कारोवार पूजी सहितको तथ्याङ्क - जग्गाको प्रकृतिको आंकडा संकलन र विवरण । - नक्सापास भएका वा नभएका घर तथा भवनको विवरण संकलन - आफ्नै भवन र भाडामा संचालन भएका व्यवसायहरु आंकडा तय गर्ने । - पालिकाभित्र भएका सबै घरजग्गाको एकिकृत अभिलेख आउने गरी व्यवस्था	२०८० भाद्र मसान्त सम्म	प्रमुख कार्यकारी अधिकृत कार्यपालिका गाउपालिका अध्यक्ष
करदाता शिक्षा कार्यक्रम	- करको महत्व कर तिर्नुको फाईदा लगायतका विषयमा करदाता शिक्षा कार्यक्रम संचालन गर्ने ।	२०८० श्रावण मसान्त	
सम्पति कर र भूमि कर सम्बन्धी व्यवस्था	- घर जग्गा तथा भूमिको वर्गिकरण गर्ने । - भवन तथा घरको वर्गिकरण गर्ने । - भवन तथा घरको आयू एकिन गर्ने । - भवन तथा घरको ह्रासकट्टी दर तय गर्ने । - भवन तथा घरको मूल्याङ्कनको दर तय गर्ने । - घर तथा जग्गाको परिभाषाको अधिकतम क्षेत्रफलको परिभाषा गर्ने ।	२०८० असार मसान्त	गांउसभा राजस्व परामर्श समिति प्रमुख कार्यकारी अधिकृत

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
	- घरको बनावटको आधारमा करका दर, ह्रासकट्टी तय गर्ने सम्बन्धी विवरणहरुको पुनरावलोकन गर्ने । - घरले चर्चेको जग्गाको परिभाषा गरी भूमि कर सम्बन्धी र सम्पत्ति कर लाग्ने सम्पत्तिको वर्गिकरण गर्ने । - घर तथा जग्गाको न्यूनतम मूल्याङ्कन कायम गर्ने ।		राजस्व शाखा
व्यवसाय कर सम्बन्धी व्यवस्था	- सबै व्यवसायको अभिलेखन गर्ने । - दर्ता नभएका व्यवसायीहरु दर्ताका लागि प्रोत्साहित गर्न कर शिक्षा कार्यक्रम संचालन गर्ने । - दर्ताका लागि प्रोत्साहित गर्न वडास्तरिय कर शिविरको आयोजना गर्ने । - कर नतिर्ने व्यवसायीलाई पालिकाको सेवावाट बञ्चित गर्ने र उच्च जरिवानाको व्यवस्था गर्ने । - व्यवसायको प्रकृति र कारोवारको आकारको आधारमा करको दरको पुनरावलोकन गर्ने ।	२०८० आषाढ मसान्त	गांउसभा कार्यपालिका राजस्व शाखा
घर बहाल कर	- बहालमा लगाईएको घरको संख्या एकिन गर्ने र अभिलेखन गर्ने । - बहाल रकमको न्यूनतम दरलाई अद्यावधिक गर्ने ।	२०८० भाद्र मसान्त	प्रमुख कार्यकारी तथा राजस्व परामर्श समिति
सूचना अद्यावधिक गर्ने	- राजस्व शाखा अन्यशाखाको सेवाको सामञ्यस्ता कायम गर्ने - सबै शाखाहरुको अन्तरआवद्धता कायम गर्ने - राजस्व सम्बन्धी कर संकलन गर्दा कम्प्युटर बीलको प्रयोग गर्ने - केन्द्रले निर्देशन जारी गरे अनुसार शिर्षकको आधारमा स्पष्ट तथ्याङ्क पाउने व्यवस्था गर्नु पर्ने	२०८० असोज	कार्यपालिका तथा प्रमुख कार्यकारी अधिकृत
ऐन नियमको निर्माण	- एकिकृत राजस्व ऐनलाई प्रभावकारी रुपमा लागु गर्ने - कानूनको राजपत्रमा प्रकाशित गरेपछिमात्र लागु हुने व्यवस्था गर्ने - उक्त कानूनमा लाग्ने ब्याज, जरिवाना र पुनरावलोकन सम्बन्धी व्यवस्था समेत समेटिने व्यवस्था	२०८० फागुन मसान्त सम्म	गांउसभा कार्यपालिका
प्रभावकारी राजस्व शाखाको संचालन	- राजस्व शाखाको विस्तार र प्रभावकारी बनाउन थप जनशक्तिको व्यवस्था गर्ने ।	२०८० साल	कार्यपालिका

राजस्व सुधारका क्षेत्रहरु	कृयाकलापहरु	समायावधि	जिम्मेवारी
	- शाखालाई आवश्यक विद्युतिय प्रणालीको विकास गर्ने । - राजस्व शाखामा कार्यरत जनशक्तिको क्षमता अभिवृद्धिको कार्यक्रम संचालन गर्ने । - राजस्व चुक्ता नभएसम्म पालिकाबाट हुने कुनै पनि सेवा उपलब्ध नहुने प्रणालीको विकास गर्ने ।	श्रावण मसान्तसम्म	अध्यक्ष, प्रमुख कार्यकारी

५.२ निष्कर्ष र सुझावहरु

मुलुक संघिय राज्यमा गएपछि संविधान तथा संघिय ऐन बमोजिम अधिकांश सेवाहरु स्थानीय तहलाई विकेन्द्रिकरण गरेको छ । संविधानले केन्द्र, प्रदेश र स्थानीय तहलाई विशेष र संयुक्त रुपमा करका अधिकार दिएको छ । स्थानीय तहलाई स्थानीय प्रकृतिका सम्पत्ति र सेवासंग सम्बीन्धत कर तथा शुल्कमा एकलौटी अधिकार दिएको छ । यसको अतिरिक्त संघ र प्रदेशले लिने करको बांडफांड कर लिन पाउने वा करको नीति निर्माण, कर निर्धारण र असुल उपर गर्ने अधिकार दिएको छ । गांउपालिकाले अधिकार क्षेत्रभित्र करको आधार तथा करको दरको निर्धारण गरेको छ । केहि करहरु प्रभावकारी रुपमा कार्यान्वयनमा रहेका छन् र करको दायरा, दर र प्रकृया निर्धारण लगायत विषयहरुमा समेत प्रभावकारिता ल्याउनु पर्ने आवश्यकता रहेको छ । स्थानीय तहले प्रदेशलाई तोकिएका कर समेत संकलन गर्नुपर्ने भएकोले सक्षम स्थानीय तहको अपेक्षा संविधान तथा कानूनले गरेका छन् । उपरोक्त सन्दर्भमा गाउपालिकाले लगाएको करको प्रभावकारिता तथा संभावित जोखिम समेत पहिचान गर्नुपर्ने आवश्यकता देखिएकोले यो प्रतिवेदन तयार गरिएको छ ।

गांउपालिकाले संकलन गरेका अधिकांश करहरुमा स्थानीय सरकार संचालन ऐन तथा संविधानले निष्दिष्ट गरेका सैद्धान्तिक तथा प्रकृयागत पक्षहरु अंगालेको देखिन्छ । करका व्यवस्थामा हुनु पर्ने कानूनी संरचना

तथा सैद्धान्तिक पक्षहरु समेटीएको छ ।तर करको दर निर्धारण तथा कार्यान्वयनमा खासगरी देहाय बमोजिमका विषयवस्तुहरु देखिएका छन् ।

१. सूचना प्रविधिलाई प्रभावकारी रुपमा प्रयोग ल्याउंदा अभिलेखिकरणमा समस्या रहेको छ ।

२. कर संकलन र करको प्रयोगको सम्बन्धमा करदाता सूसूचित नहुंदा स्वच्छिक रुपले कर तिर्ने वातावरण बनिसकेको अवस्था देखिदैन ।

३. करका दर, प्रकृया तथा कार्यान्वयन न्यायिक बनाउंदा कर सहभागिता बढ्न जाने देखिन्छ ।

४. स्थानीय निकायहरुले लिने करलाई सेवासंग सामञ्जस्यता कायम बढि प्रभावकारी हुन सक्ने देखिन्छ

५. गांउपालिका पर्यटकिय एवं पूर्व क्षेत्रको मुख्य क्षेत्र भएकोले औद्योगिक तथा व्यापारिक रुपमा बढि रणनैतिक क्षेत्रको रुपमा विकास गर्न सकिन्छ । यसका लागि गांउपालिकाले संघ, प्रदेश र अन्य सरोकारवालासंग आवश्यक समन्वय गर्ने , दिर्घकालिन नीति तय गर्ने गर्दा आर्थिक गतिविधि पनि बढ्ने र थप राजस्वको श्रोत समेत पहिचान गर्न सकिन्छ । यसका लागि खासगरी देहाय बमोजिम गर्नु उपयुक्त देखिन्छ ।

    - सम्पत्ति कर सबैभन्दा भरपर्दो श्रोत भएकोले कुल आन्तरिक करको ४० प्रतिशत राजस्वको श्रोतको रुपमा परिचालन गर्ने ।
    - गांउपालिकामा वास्तविक तथ्याङ्क हुन सकेमा पालिकाले दिने सेवा र राजस्वको समेत यर्थाथ अनुमान गर्न सकिने र सोको आधारमा सम्पत्ति कर, घर बहाल कर, व्यवसायिक कारोवार, नक्सापास दस्तुर समेत तय हुने भएकोले करका श्रोतहरुको यथार्थ जानकारी पाउने आधार बनाउने ।
    - व्यवसायिक कर उच्च हुंदा पूंजि चलाएमान हुन सक्ने भएकोले अन्य स्थानीय तहमा लिएको करको आधारमा करको दर तय गर्ने ।

- व्यवसाय कर कारोवारमा आधारमा लगाउने वा मुनाफाको कर लगाउने व्यवस्था गर्ने । व्यवसायिक कर तय गर्दा बढि आम्दानी भएका व्यक्तिलाई बढि कर भार पर्ने प्रगतीशील करको आधारमा करको दर तय गर्ने ।
- करको उद्देश्य सामाजिक न्याय स्थापना गर्ने भएकोले सामाजिक न्यायका दृष्टिकोणले नकारात्मक वस्तुहरु जस्तै चुरोट, मदिरा, वातावरणिय दृष्टिकोणले अनुपयुक्त वस्तुहरुमा उच्च करको भार लगाउने । जस्तै मदिराको कारोवारमा उच्च कर लगाउने, मदिरा प्रयोग गर्ने होटेलमा बढि करको भार लगाउने, आधारभुत वस्तुहरुको कारोवार गर्ने व्यवसायीहरुले प्रकृयागत, करका दर न्याय भएको महशुस गर्ने गरी तय गर्ने ।
- संकलन गरेको कर करदाताकै फाईदाका लागि हो स्पष्ट सन्देश दिन कर संकलनका फाईदा समेत समेटी कर शिक्षा अभियानकै रुपमा संचालन गर्ने ।
- कर रकम भन्दा करदाताले कर तिर्न लाग्ने लागत उच्च हुने अवस्थामा वा गांउपालिकाकै अति उच्च लागत लाग्न सक्ने भए सोहि बमोजिमका करहरु नलगाउने ।
- दण्ड र जरिवाना सालवसाली रुपमा ल्याउने आर्थिक ऐनले तय गर्नुभन्दा विशेष राजस्व ऐन ल्याउने सोको आधारमा राजस्वको प्रशासन गर्ने व्यवस्था गर्ने ।

परिच्छेदः छ

आगामी वर्षको राजस्व अनुमान

६.१ गांउपालिकाको आगामी पाँच वर्षको राजस्व अनुमान

गाउंपालिकाले तयार गरेको आर्थिक २०८०-८५को आवधिक योजनामा देहाय बमोजिम आम्दानी हुने प्रपेक्षण गरिएको छ । आर्थिक वर्ष २०८०।८१ का लागि कुल ६४ करोडको बजेट प्रक्षेपण गरिएकोमा त्यसमध्ये १ करोड ४५ लाख आन्तरिक राजस्व संकलन हुने अनुमान गरिएको छ । यो कुल बजेटको झण्डै २.२५ प्रतिशत हुन आउंछ । वित्तिय श्रोतको गतवर्षको पूंजि अनुमान भने ३.७५ प्रतिशत अनुमान गरिएको छ भने ९४ प्रतिशत बजेट संघिय सरकार र प्रदेश सरकारबाट अपेक्षा गरिएको छ ।

तालिका २७ गाउंपालिकाको करको संभाव्यता

विवरण	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४	२०८४।८५
आन्तरिक आय	१४५४५.०१	१५९९९.५२	१७५९९.४७	१९३५९.४१	२१२९५.३५
बाह्य आय	१०६४५४.८४	११७१००.३३	१२८८१०.४	१४१६९१.४	१५५८६०.५४
राजस्व बाँडफाँड	२८०८१९.२२	३०८९०१.१४	३३९७९१.	३७३७७०.३८	४११९४७.४२
वित्तीय सम्पति तथा दायित्व	२४०७०५.३२	२६४७७५.८५	२९१२५३.४४	३२०३७८.७८	३५२४१६.६
	६४२५२४.३९	७०६७७६.८४	७७७४५४.२७	८५५१९९.९७	९४०७१९.९१

स्रोत आवधिक योजना, सांगुरीगढी गाउंपालिका, २०८०-८५

६.२ राजस्व योजनाको आधारमा तीग वर्षको राजस्व अनुमान

गाउंंपालिकाले हालको राजस्व संभावयतालाई प्रभावकारी रुपले कार्यान्वयन गरेमा यसै वर्ष रु ३ करोड ५० आन्तरिक राजस्व संकलन हुने अपेक्षा गरेको छ । घर निर्माणको संख्या बढेमा वा व्यवसायिक गतिविधिले तिब्रता पाएमा वा कृषि क्षेत्रमा विशेष कार्यक्रम लागु गर्ने, पर्यटनको प्रवद्र्धन गर्न सकेमा नयां आर्थिक

कार्यक्रमहरुको थप अवस्थामा समेत त्यसमा थप राजस्व संकलन हुने अवस्था देखिन्छ । माथि उल्लेखित अनुमान गरिएको राजस्व हालको अवस्थामा करको दायरामा ल्याउन प्रस्तावित गरिएको न्यूनतम दरमा मात्र रहेको छ । करको कार्यान्वयन हुदै जांदा वा गाउंपालिका नगरपालिकामा स्तरोन्नती हुंदा करको दरमा समायोजन समेत हुन सक्ने देखिन्छ ।

तालिका २८ गाउंपालिकाको राजस्वको संभाव्यता

शिर्षक	२०८०।८१	२०८१।८२	२०८२।८३	२०८३।८४	२०८४।८५
सम्पति कर	१७१०९९६०	१८८२०९५६	२०१३८४२३	२२१५२२६५	२४३६७४९२
मालपोत तथा भूमिकर	६३३१७७९	६९६४९५७	७४५२५०४	८१९७७५४	९०१७५३०
घर बहाल कर	५५००००	६०५०००	६४७३५०	७१२०८५	७८३२९४
व्यवसाय कर	२९५००००	३२४५०००	३४७२१५०	३८१९३६५	४२०१३०२
विज्ञापनकर	१०००००	११००००	११७७००	१२९४७०	१४२४१७
अन्य सेवा शुल्क तथा बिक्री	१६६९६५०	१८३६६१५	१९६५१७८	२१६१६९६	२३७७८६५
पर्यटन शुल्क	१५०००००	१६५००००	१७६५५००	१९४२०५०	२१३६२५५
जडिबुटी, जिवजन्तु र कवाडी कर	१५००००	१६५०००	१७६५५०	१९४२०५	२१३६२६
बहाल बिटौरी कर	५००००	५५०००	५८८५०	६४७३५	७१२०९
मनोरन्जन कर	५००००	५५०००	५८८५०	६४७३५	७१२०९
ढुङ्गा, गिटी, बालुवा उत्खलन तथा निकासी	९०००००	९९००००	१०५९३००	११६५२३०	१२८१७५३
पार्किङ शुल्क (सरसफाई शुल्क समेत)	६०००००	६६००००	७०६२००	७७६८२०	८५४५०२
नक्सा पास दस्तुर	२५००००	२७५०००	२९४२५०	३२३६७५	३५६०४३
सिफारिस दस्तुर	६२०७८०	६८२८५८	७३०६५८	८०३७२४	८८४०९६
नाता प्रमाणित दस्तुर	५००००	५५०००	५८८५०	६४७३५	७१२०९
अन्य दस्तुर	२०००००	२२००००	२३५४००	२५८९४०	२८४८३४
प्रशासनिक दण्ड जरिवाना	२५००००	२७५०००	२९४२५०	३२३६७५	३५६०४३
अन्य राजश्व	१५०००००	१६५००००	१७६५५००	१९४२०५०	२१३६२५५
वनजन्य उत्पादन व्यवस्थापन		२०००००	२१४०००	२३५४००	२५८९४०
जम्मा राजस्व संकलन	३४८३२१६९	३८३१५३८६	४०९९७४६३	४५०९७२०९	४९६०६९३०

नेपाल सरकारले घोषणा गरेको हिल स्टेशन जस्ता क्षेत्रको विकास वा अन्य आर्कषक घोषणा हुन सकेमा राजस्वको संभावना समेत उच्च रहन्छ । पालिकाले बसोबास व्यवस्थित गरेमा समेत राजस्वको दर बढाउन सक्ने आधार तयार हुन्छ । साथै भूउपभोग नीति अनुसार हालको आवासिय क्षेत्रलाई बढाउनुपर्ने अवस्था रहेकोले आवासिय क्षेत्र बढेको आधारमा समेत सम्पत्ति कर बढ्न जाने देखिन्छ । हालको यो राजस्व सुधार योजनाको कार्यान्वयनले मात्र कुल बजेटको ५.५ प्रतिशत देखि ६ प्रतिशत राजस्व आन्तरिक श्रोतबाट नै संकलन हुने अपेक्षा गरिएको छ । यसो हुन सकेमा पर्यटकिय पूर्वाधार निर्माण हुने र सोबाट समेत थप राजस्वका श्रोतहरु पहिचान हुने देखिन्छ ।

सन्दर्भ सामाग्री

- आर्थिक ऐन २०७९।८०, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- आर्थिक ऐन २०७९।८०, काठमांडौ महानगरपालिका काठमांडौ ।
- आर्थिक ऐन २०७८।७९, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- आर्थिक ऐन २०७७।७८, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- विनियोजन ऐन २०७८।७९,साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- विनियोजन ऐन २०७७।७८, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- विनियोजन ऐन २०७९।८०, सांगुरगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- नेपालको संविधान २०७२, नेपाल कानून आयोग, काठमांडौ ।
- स्थानीय सरकार संचालन ऐन २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४, नेपाल कानून आयोग, काठमांडौ ।
- चौथो वार्षिक प्रतिवेदन २०७९, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमांडौ ।
- व्यवसाय कर सम्बन्धी कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- राजस्व सुधार कार्ययोजना दिग्दर्शन, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- स्थानी तहको कर तथा गैरकर सम्बन्धी कानूनको नमुना २०७४, अर्थमन्त्रालय
- घरजग्गा बहालकर कार्यविधि २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- एकिकृत सम्पत्ति नमुना कार्यविधि, २०७६, संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमांडौ ।
- नीति तथा कार्यक्रम, २०७९। ८०, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- नीति तथा कार्यक्रम, २०७८।७९ साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- नीति तथा कार्यक्रम, २०७७।७८, साँगुरीगढी गाउंपालिका, धनकुटा, कोशी, प्रदेश ।
- राष्टिय जनगणनाको प्रतिवेदन, २०७८, केन्द्रिय तथ्याक कार्यालय, काठमांडौ ।
- चौथो वार्षिक प्रतिवेदन, २०७९, राष्टिय प्राकृतिक श्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमांडौ ।
- आर्थिक गणना, २०१८, केन्द्रिय तथ्याक कार्यालय, थापाथली, काठमांडौ ।